C 111

बालअधिकार र कानून

इन्सेक
INSEC

बालअधिकार र कानून

मानवअधिकार र सामाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पोष्टबक्स नं. २७२६, काठमाडौं, नेपाल
फोन नं. २७०७७० / २७८७७०
फ्याक्स नं. २७०५५१

बालअधिकार र कानून

प्रकाशन मिति :
२०५४ साउन

संख्या : एक हजार

प्रकाशक :
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार :
इन्सेकमा सुरक्षित

टाइप सेटिङ
गीता मालि

Digitized By: Bimal Chandra Sharma

मुद्रक :
इन्द्रेणी अफसेट प्रेस
बागबजार
फोन - २२५९५४

भूमिका

बालबालिका राष्ट्रका भविष्य हुन। बालबालिका काँचो माटो जस्तै हुनाले उनीहरूलाई जस्तो रूप पनि दिन सकिन्छ। राम्रो र असल वातावरणमा हुर्केको बालबालिकाको चरित्र पनि राम्रो हुन्छ। आजका असल बालबालिका नै भोली गएर असल नागरिक बन्दछन्। असल नागरिकले नै देशको नीति निर्माणमा सही बाटो दिन सक्छन्।

हाम्रो देशको जनसंख्याको करीब सयकडा ४७ संख्यामा रहेका बालबालिका मध्ये धेरै बालबालिका आफ्नो अधिकारबाट बन्चित भएका छन्। बालबालिकाले पनि उमेर पुगेका मानिसले झैं आफ्नो विकास गर्ने मौका र अधिकार पाउनु पर्छ। उनीहरूलाई पनि आफ्नो मनका इच्छा अनुसार भावना र कुराहरू अभिव्यक्त गर्ने अधिकार छ। हाम्रो देशले पनि बालबालिकाको हितलाई ध्यानमा राखेर सन् १९९० को १ सेप्टेम्बर (२०४७ भाद्र) मा संयुक्त राष्ट्र संघको बालअधिकार महासन्धिमा हस्ताक्षर गरिसकेको छ। त्यसपछि महासन्धिमा भएका कुराहरूलाई लागू गर्न बालबालिका सम्बन्धी ऐन २०४८ र नियमावली २०५१ को व्यवस्था गरेको छ। तर ती प्रावधानहरूबाट अनभिज्ञ रहेका बालबालिकाहरू आफ्नो पाउनु पर्ने अधिकारबाट बन्चित बन्न पुगेका छन्।

अभिभावक तथा बालबालिकाहरूलाई बालबालिकाले पाउनु पर्ने अधिकारको बारेमा सचेत गराउने उद्देश्यले अनौपचारिक क्षेत्र सेवा कन्द्र (इन्सेक) ले विगत २ वर्ष देखि बालबालिका माझमा काम गर्दै आएको छ। सम्बद्ध संस्थाहरूको संलग्नतामा करीब १९६ विद्यालयका विद्यार्थीहरू माझमा बालअधिकार शिक्षा कार्यक्रम गर्दै आएको छ। त्यस्तै यस वर्षदेखि अझ थप ७ जिल्लामा पनि यस कार्यक्रम लैजाने निर्णय गरिएको छ।

बाल अधिकार अभियानलाई सफल बनाउन सबैले बुझ्न सक्ने सामाग्रीको आवश्यकता महशुस गरी बालबालिकाको लागि संविधानमा भएको व्यवस्था, मुलुकी ऐन, बाल कानून २०४८ नियमावली २०५१ र संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धिलाई सरल रूपमा रूपान्तर गरी शिक्षक, विद्यार्थी अभिभावक तथा सबै वर्गका लागि सरल भाषामा पुस्तक प्रकाशित गरी जनमानस समक्ष पुफ्याउने जमर्को गरिएकोछ।

पुस्तकको कानून सम्बन्धी भाग अभिवक्ता पूजा ओझा र अन्य सामाग्री बालबालिका शाखा संयोजक कविता अर्यालले तयार गर्नु भएको हो। पूजा र कविता धन्यवादका पात्र हुनुहुन्छ। यसमा संयुक्त राष्ट्र संघिय बाल अधिकार धारामा आधारित इन्सेकद्वारा आयोजित प्रतियोगितात्मक बालचित्रकलामा प्रस्तुत चित्रहरू नै समावेश गरेका छौं। यसबाट उनीहरूको सृजनात्मक क्षमता अभिवृद्धि गर्न थप हौसला प्राप्त भै भविष्यका कर्णधार बालबालिकाहरू आफ्नो अधिकार प्राप्तिमा कलिलै उमेर देखि अगाडि बढ्न सक्षम हुन्छ भन्ने अपेक्षा राखिएको छ।

प्रस्तुत प्रकाशनमा सहयोग गर्नुहुने गीता माली लगायत इन्सेकका सबै साथीहरूलाई धन्यवाद दिन चाहन्छु। साथै पुस्तकका विषयमा प्राप्त हुने रचनात्मक सुझावलाई हामी सदैव स्वागत गर्नेछौं।

सुशील प्याकुरेल
अध्यक्ष

मिति : २०५४ साउन २४

भाग १

बाल अधिकारको ऐतिहासिक विकासक्रम

सन् १९१४ -१९१८ सम्म भएको प्रथम विश्वयुद्धबाट ठूलो धन जनको क्षति भयो। त्यस प्रहारबाट असंख्य बालबालिकाहरू अपाङ्ग र अनाथ भए। युद्धग्रस्त क्षेत्रमा लाखौं बालबालिका भोका र नाङ्गा बन्न पुगे। त्यस अवस्थाबाट पीडित बालबालिकाका दुःख देखेर बेलायतकी महिला फोटो ग्राफर एग्लान्टाइन जेबले युद्धग्रस्त क्षेत्रका नाङ्गा केटाकेटीको फोटाको निकै प्रचार प्रसार गरिन्। त्यतिबेलाको बेलायती समाजमा केटीहरूले कुर्कुच्चा देखाउनुसमेत अपराध मानिन्थ्यो। त्यस्तो समाजमा नाङ्गा फोटो खिचेको आरोपमा जेबलाई कारावासको सजायँ सुनाइयो। कारावासकै अवस्थामा जेबले "सबै युद्धहरू बालबालिका र महिला विरूद्धका युद्ध हुन्" भन्ने आवाज उठाइन्। कारावासमै उनले सन् १९२१ बाल अधिकार घोषणाको मस्यौदा तयार पारिन। "सेभ दि चिल्ड्रन फन्ड युके" को स्थापनाबाट बालबचाउ अभियानको सुरूवात गरिन्। आजसम्म विश्वमा २४ बाल बचाउ संस्थाको स्थापना भैसकेको छ। १९२१ को बाल अधिकार घोषणाको मस्यौदालाई १९२४ को जेनेभा घोषणापत्रमा समावेश गरियो। र बाल अधिकारको अवधारणालाई अन्तर्राष्ट्रिय रूपमा चिनाउने काम भयो।

सन् १९४८ मा मानवअधिकार " घोषणा पत्र" जारी भयो। जसमा सबै मानिसको अधिकारको बारेमा उल्लेख गरियो, तैपनि यसबाट बाल बालिकाको विशेष संरक्षण र सुरक्षाको आवाज उठ्न सकेन। सन् १९५९ मा संयुक्त राष्ट्रसंघले बालबालिकाको उच्चतम हितलाई ध्यान दिंदै पत्र जारी ग-यो। सन् १९५९ देखि सन् १९७९ सम्मको २० वर्षे अन्तरालसम्म यो "घोषणा पत्र" को रूपमा मात्र रह्यो, जस्को परिणाम स्वरूप बाल अधिकारको आवाजहरू बाध्यात्मक रूपमा लागू गर्ने स्थिति भएन। सन् १९७९ लाई संयुक्त राष्ट्रसंघले बाल बर्षको रूपमा मनाउने घोषणा गऱ्यो। र यसैलाई सन्दर्भ बनाएर पोल्याण्ड सरकार बाल अधिकार महासन्धिको मस्यौदा बनाउन सफल रह्यो। यो मस्यौदा माथि दशबर्षसम्म विविध छलफल र परिमार्जन गर्दै २० नेभेम्बर १९८९ को दिन संयुक्त राष्ट

संघको महासभाले बाल अधिकार महासन्धि पारित गऱ्यो। जस्लाई २० वटा राष्ट्रले अनुमोदन गरेपछि अन्तर्राष्ट्रिय कानूनको रूपमा मान्नुपर्ने व्यवस्था भयो। हालसम्म १७८ मुलुकले बाल अधिकार महासन्धि अनुमोदन गरिसकेका छन्। यसलाई सन् २००० सम्ममा विश्वका सम्पूर्ण राष्ट्रद्वारा अनुमोदन गराई विश्वव्यापी अनुमोदन गराईने लक्ष्य राखिएको छ।

यसरी एक सामान्य नागरिकले युद्धको विभीषिकाबाट प्रताडित बालबालिकाको दुःखबाट प्रभावित भई उठाएको आन्दोलनले एउटा महासन्धिको रूप लिन पुग्यो। जस्लाई अनुमोदन गर्ने प्रत्येक राष्ट्रले महासन्धिमा भएका प्रावधानहरूलाई राष्ट्रिय कानूनमा समावेश गर्ने र महासन्धिमा मान्यता दिएको अधिकारबाट बालबालिकालाई बंचित हुन नदिन आमा बाबु वा अन्य कानूनी अभिभावकलाई दायित्वबोध गराउदै राज्य पक्षले उचित कदम चाल्नुपर्छ।

नेपालले पनि आफ्नो देशका बालबालिकाको अधिकारको बारेमा सजक भएर १४ सेप्टेम्बर १९९० मा महासन्धिमा हस्ताक्षर गरी यस्को कार्यान्वयन गर्ने दायित्व बोक्नुपरेको छ। जसको परिणाम स्वरूप "बालबालिकाको हक हित गर्न बनेको ऐन २०४८" पहिलो खुड्किलो बन्न पुगेको छ।

बाल अधिकार महासन्धि र नेपाल

सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघले बाल अधिकार महासन्धि पारित गरेपछि विश्व भरि नै बाल अधिकार संरक्षणको लहर चल्यो। धेरै राष्ट्रहरूले बालबालिकाको हक हित संरक्षण गर्न बाल अधिकार महासन्धिमा हस्ताक्षर गरे। नेपालले पनि सन् १९९० सेप्टेम्बर १४ मा बाल अधिकार महासन्धिमा हस्ताक्षर ग-यो। बालबालिकाको हक हितको बारेमा सजग भएर नै नेपालले पनि यस महासन्धिलाई अनुमोदन गरेको हो। यसपछि सरकारले बालबालिकाको हकहित संरक्षण गर्ने सवालमा ठोस कदम चाल्न बाध्य भयो। कार्यान्वयनको पक्षमा निकै कमजोर देखिएपनि सरकारबाट बाल हकहितको लागि केही प्रयासहरू भने भएका छन्।

सरकारी प्रयासहरु

(१) बाल बालिका सम्बन्धी ऐन

महासन्धिलाई अनुमोदन गरेपछि बालबालिकाको हकहितलाई संरक्षण गरी शारीरिक तथा मानसिक विकासको लागि "बालबालिकाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन -२०४८"

बनेको छ। यो ऐन बन्नु भन्दा अगाडि नेपालमा बालबालिका सम्बन्धी छुट्टै ऐन थिएन। त्यसैले बाल अधिकारको लागि यो ऐनलाई पहिलो खुड्किलोको रूपमा लिनुपर्दछ।

(२) बालबालिका सम्बन्धी नियमावली

२०४८ मा बाल बालिका सम्बन्धी ऐन बनेपछि यसलाई व्यावहारिक कार्यान्वयन गर्नको लागि आवश्यक नियमावली भने थिएन जस्ले गर्दा ऐन अधुरो नै थियो र यस्को लागि नियमावली बनाई लागूगर्न भने करीब तिन वर्ष लाग्यो तर २०५१ मा नियमावली बनेपछि भने ऐन लागू गर्ने बाटो खुलेको छ।

(३) राष्ट्रिय महिला तथा बालबालिका परिषदको गठन

२०५१ चैत्र २४ गते प्रधानमन्त्रीको अध्यक्षतामा बालबालिकाको हकहित संरक्षण गर्ने उद्देश्यले राष्ट्रिय महिला तथा बालबालिका परिषदको गठन भएकोछ।

(४) महासन्धिको प्रारम्भिक प्रतिवेदन

कुनैपनि महासन्धि अनुमोदन गरेपछि पहिलो २ बर्षपछि प्रारम्भिक प्रतिवेदन संयुक्त राष्ट्रसंघमा पठाउनुपर्ने हुन्छ। नेपालले पनि पहिलो पटक १९९५ मा सरकारी स्तरबाट गैर सरकारी संस्थाहरूलाईपनि समेटेर तयार पारेको प्रतिवेदन १९९५ मा संयुक्त राष्ट्र संघमा पठाइसकेको छ। यसै सम्बन्धमा संयुक्त राष्ट्रसंघ समितिका सदस्यहरूले नेपाल भ्रमण पनि गरिसकेका छन्।

(५) केन्द्रीय बाल समितिको गठन

२०५२ सालमा केन्द्रीय बाल कल्याण समिति बनेको छ। बालबालिका सम्बन्धी ऐन अनुसार संचालन गर्नु पर्ने विभिन्न कल्याणकारी कार्यक्रमहरू मध्ये २०५२ सालमा केन्द्रीय बालसमितिको गठन भएको छ। तर यसपछि विभिन्न जिल्लाहरूमा गठन गर्नुपर्ने बालकल्याण समितिको भने गठन भएको छैन। त्यस्तै बाल बालिका सम्बन्धी बेग्लै बाल अदालतको गठन हुनुपर्ने कुरा उल्लेख भएपनि गठन हुन सकेको छैन।

(६) बाल श्रम उल्मूलन सम्बन्धी राष्ट्रिय कार्य योजना

बालश्रम उन्मूलन गर्ने अन्तर्राष्ट्रिय कायक्रम अनुसार (आई. एल. आइ. पेक. अन्तर्गत) राष्ट्रिय कार्ययोजना निर्माण भएको छ।

बाल अधिकार महासन्धिले बाल अधिकारलाई चार भागमा विभाजन गरेको छ ।



बाल बचावटः

वालक जन्मेपछि वाँच्नको लागि नभइनहुने आधारभूत आवश्यकताहरूलाई बाल बचावटको अधिकार भनिन्छ। जस्तैः खाना वासस्थान र लुगा आदिको लागि सवै वाल बालिकाले समान अवसर पाउनु पर्दछ।

बाल विकासः

बालक जन्मेपछि उस्ले आफ्नो शारीरिक तथा मानसिक विकास गर्नको लागि चाहिने अधिकारलाई बालविकासको अधिकार भनिन्छ। जस्तैः शिक्षा, खेलकूद, मनोरञ्जन, सरसफाई आदि विषयमा सवै वालवालिकाले समान अवसर पाउनु पर्दछ।

बाल संरक्षणः

कानूनद्वारा परिभाषित गरेर प्रदान गरिने अधिकारलाई बाल संरक्षणको अधिकार भनिन्छ। यस्ता अधिकारभित्र १४ बर्ष मुनिका वालबालिकालाई काममा लगाउन नपाइने र उनीहरूका कामको लागि न्यूनतम उमेर, समय अवधि र स्वास्थ्य वातावरण लगायत रोजगारीका आवश्यक शर्तहरूको निर्माण गर्ने काम पर्छन्। यस्तै अपहरण, यौन शोषण, देहव्यापार, लागूपदार्थको सेवन, यातना, मृत्युदण्ड, आजीवन कारावास आदिबाट संरक्षण पाउनु पनि यसै अधिकारभित्र पर्दछन्।

बाल सहभागिता:

बालबालिकालाई उनीहरूको बुद्धि, विवेक, क्षमता र उमेरले दिए अनुसारको आफ्नो विकासको लागि सहभागी हुने अधिकारलाई बाल सहभागिताको अधिकार भनिन्छ। उनीहरूले विचार अभिव्यक्ति गर्न, धार्मिक तथा साँस्कृतिक गतिविधिमा भागलिन, सूचनाहरूको प्रकाशन गर्न र संघ संस्था आदि खोल्न पाउनुपर्दछ।

बालअधिकार भनेको के हो ?

आजका बालबालिका राष्ट्रका भविष्यहुन र उनीहरूले पाएको उचित मार्गदर्शनले राष्ट्रको सुखद भविष्यलाई पहिल्याएको हुन्छ। उनीहरू आफै आफ्नो स्याहार र सुरक्षा गर्न असमर्थ हुने हुंदा विशेष स्याहार र सुरक्षाको आवश्यकता पर्छ। प्रत्येक बालवालिकाले खान, बस्न, लाउन, शिक्षा आर्जन गर्न, स्वास्थ्य सेवा, खेल मनोरञ्जन, आराम गर्न र माया स्नेह पाउनु पर्छ। हेला, दुर्व्यवहार, शोषण आदिबाट संरक्षण पाउनु पर्छ। अपांग, शरणार्थी, परित्यक्त, अल्पसंख्यक जनजातिका बालवालिकाको लागि छुट्टै किसिमको विशेष व्यवस्था हुनुपर्दछ। यसरी वालवालिकालाई उनीहरूको क्षमता अनुसार आफ्नो विकास गर्न आवश्यक पर्ने सम्पूर्ण क्रियाकलापलाई बालअधिकार भनिन्छ। बालवालिकालाई उनीहरूको बालापनको संरक्षण गर्दै उनीहरूले पाउनुपर्ने सम्पूर्ण अधिकारको वारेमा सजग गराउँदै अधिकारहरूबाट वन्चित हुन नदिने वातावरणको सिर्जना गर्ने प्रत्येक अभिभावक र राष्ट्रको दायित्व हो। प्रत्येक अभिभावक र समाजमा भएका संघसंस्था, सरकारी निकाय सबैको पहिलो कर्तव्य वालवालिकाको अधिकारको सुरक्षा गर्नु हो। कुनैपनि कानूनी, सरकारी तथा गैर सरकारी काम कारवाही गर्दा बालवालिकाको उच्चतम हितलाई ध्यान दिएर बालअधिकारलाई प्राथमिकतामा राख्नु पर्दछ।

बाल अधिकार र हाम्रो दायित्व

बालवालिकाको बालापनको संरक्षण गर्दै उनीहरूको शारीरिक र मानसिक विकास गर्न पाउनुपर्ने सम्पूर्ण अधिकारको बारेमा सजग गराउँदै अधिकारहरूबाट बन्चित हुन नदिने वातावरणको सिर्जना गर्ने प्रत्येक अभिभावक र राष्ट्रको दायित्व हो। सबै अभिभावक र समाजमा भएका संघ संस्था सरकारी निकाय सबैको पहिलो कर्तव्य बालबालिकाको

अधिकारको सुरक्षा गर्नु हो। कुनै पनि सरकारी, गैर सरकारी, कानूनी र पारिवारिक काम कारवाही गर्दा बाल बालिकाको उच्चतम हितलाई ध्यान दिएर बाल बालिकालाई प्राथमिकतामा राख्नु पर्छ।

बाल अधिकार र शिक्षक

बाल बालिकाको अधिकांश समय विद्यालयमा बित्ने गर्दछ। बालबालिकालाई असल आचरण र राम्रो शिक्षा दिने काम शिक्षकबाट नै हुने गर्दछ। बालबालिकाको बौद्धिक विकास गर्न मुख्य हातनै शिक्षकको हुन्छ। त्यसैले प्रत्येक शिक्षकको पहिलो दायित्व भनेको बालबालिकालाई उनीहरूले पाउनुपर्ने अधिकारको बारेमा सजग गराउदै बाल अधिकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधान बारेमा जानकारी गराउने हो।

बाल अधिकार र विद्यार्थी

अधिकार पाउनको लागि त्यसबारे जानकारी राख्दै आफूले पाउनुपर्ने अधिकारको बारेमा आवाज उठाउन सक्ने हुनुपर्छ। तसर्थ विद्यार्थीहरू आफूले पाउनु पर्ने बाल अधिकारको बारेमा सजग बन्नु पर्छ अधिकारबाट वन्चित रहेका बाल बालिकाको बारेमा आवाज उठाउने पहिलो दायित्व पनि विद्यार्थीको हो।

बाल अधिकार र अभिभावक

अभिभावक नै बालबालिकाको पहिला शिक्षक हुन्। यदि अभिभावकहरू आफ्ना बालबालिकाको अधिकारका बारेमा सचेत छैनन् भने बाल बालिकाहरू समाजमा विद्यमान रहेको भेदभाव, सामाजिक अन्याय शोषणबाट कहिल्यै पनि मुक्त हुन सक्दैनन्। त्यसैले सबै अभिभावकले आफ्नो बालबालिकाको भविष्यको चिन्ता गर्ने हो भने बालबालिकाहरूलाई उनीहरूले पाउनु पर्ने अधिकारबाट बन्चित हुन दिनु हुन्न। प्रत्येक बाबुआमाले आफ्नो छोरा र छोरी बिच भेदभाव नगरी आफ्नो साधन र स्रोतले भ्याए सम्म शारीरिक तथा मानसिक विकास गर्ने समान अवसर प्रदान गर्नु पर्छ।

भाग २

संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धिद्वारा प्रत्याभूत गरिएका बालबालिकाका हक अधिकार

१. बालबालिकाको परिभाषा :

बालबालिका भन्नाले १८ वर्ष मुनिका सबै व्यक्तिलाई बालबालिका भन्नु पर्दछ भनी परिभाषा गरेको छ। तर कुनै पनि देशले आफ्नो कानून अनुसार यो उमेर घटाइ बढाई बालबालिकको परिभाषा गर्न सक्ने व्यवस्था पनि यस महासन्धिले गरेकोछ।

२. भेदभाव गर्न नहुने :

महासन्धिले बालबालिकाकालाई प्रदान गरेका सबै हक अधिकारहरू उनीहरूले विना रोकटोक समान रूपले उपभोग गर्न पाउनु पर्दछ। कुनैपनि देशको सरकारले आफ्ना देशका बालबालिकालाई जात जाती, धर्म, लिंग, भाषा, पारिवारिक, आर्थिक स्थिति, सामाजिक चलन साथै राजनीतिक विचार वा अन्य कुनैपनि कुराको आधारमा भेदभाव गर्नु वा सजाय दिनु हुँदैन। बालबालिकालाई प्रदान गरिएका अधिकारहरूमा राज्यले जस्तोसुकै अवस्था परे पनि खोस्न हुँदैन। बरू ती अधिकारहरूको संरक्षण र सम्बर्द्धन गर्नु पर्दछ।

३. बालबालिकाको हितलाई ध्यान दिनु पर्ने :

कुनै पनि कार्यालय, निकाय वा अड्डा अदालतले बालबालिकाको निमित्त भनेर कुनै काम गर्दा उनीहरूको भलाईलाई विशेष ध्यान पुऱ्याउनु पर्दछ। बाबु आमा वा संरक्षकले आफ्ना बालबालिकको राम्रो सित पालन पोषण तथा हेरविचार गर्नुको साथै उनीहरूको हित हुने काम गर्नु पर्दछ। तर आमाबाबु वा संरक्षकले आफूले जिम्मा लिएको काम कर्तव्य पुरा गर्न सकेन वा बालबालिकालाई हानी पु-याउने काम गरेमा त्यस्ता बालबालिकाको संरक्षण र पालन पोषणको व्यवस्था सरकारले गरिदिनु पर्दछ।

४. बाल अधिकारको कार्यान्वयन

महासन्धिले व्यवस्था गरेको बालबालिकाका हक अधिकारहरूलाई सरकारले उचित र प्रभावकारी तरिकाबाट लागू गर्नु गराउनु पर्दछ।

५. बालबालिकाको क्षमताको विकासमा आमाबाबुको मार्गनिर्देशन

कुनैपनि आमाबाबु वा अभिभावकले आफ्ना बालबालिकामा भएको प्रतिभालाई विकास गराउन सक्दो सहयोग गर्नु तथा निर्देशन दिनु उनीहरूको मुख्य कर्तव्यको साथै जिम्मेबारी पनि हो। आमाबाबु वा अभिभावकको यो कार्यलाई सरकारले पनि मान्यता प्रदान गर्नु पर्दछ।

केशव राना मगर, कक्षा-७
श्री घटाल मा.वि. सुडा, कञ्चनपुर

६. स्वस्थ्य जीवन बाँच्न र विकास गर्न पाउने अधिकार :

कुनैपनि बालक जन्मेपछि बाँच्न पाउनु उस्को जन्मसिद्ध अधिकार हो। यसको साथसाथै उनीहरूले स्वस्थ्य रूपमा बाच्न र पूर्ण रूपमा विकास हुने किसिमले स्याहार सुसार पाउन सरकारबाट सक्दो सहयोग प्राप्त गर्ने अधिकार पनि राख्दछन।

७. नाम राष्ट्रियताको अधिकार

कुनैपनि बालक जन्मेपछि उसले आफ्नो नाम राख्न पाउछ। उसले आफ्नो देशको चिनारी पाउछ र आफ्ना आमाबाबु चिन्न पाउने एवं आमाबाबुबाट पालन पोषण पाउने अधिकार राख्दछ।

८. आफ्नो परिचयको संरक्षण पाउने :

प्रत्येक बालकले आफ्नो परिचय दिन चाहिने आवश्यक कुराहरू पाउनु पर्ने पनि

अधिकार राखेको हुन्छ। यसको लागी उसले आफ्नो नाम राख्न पाउने, राष्ट्रियताको साथै आफ्ना नातेदारहरूसंग नाता सम्बन्ध राख्न पाउने अधिकार राखेको हुन्छ। यी कुराको संरक्षण सरकारले गरिदिनु पर्दछ र यस्ता अधिकारहरू कसैले गैर कानूनी तरिकाले खोसेमा त्यस्तो अधिकारहरू फिर्ता दिलाउने काम पनि सरकारलेनै गरिदिनु पर्दछ।

९. आमाबाबुसंग बस्न पाउनु पर्ने :

महासन्धिमा सबै बालबालिकाले आफ्ना आमाबाबुसंग बस्न पाउने व्यवस्था गरेको छ। तर आमाबाबु अलग भएर बसेका रहेछन् भने उसले आफ्ना आमाबाबु दुवैसित बराबर रूपमा भेटघाट गर्न पाउने अधिकार पनि यस सन्धिले प्रदान गरेको छ।

१०. पारिवारिक पुनर्मिलन :

कसैका आमा बाबु आफ्ना बालबालिकसंग छुट्टिएर बसेका रहेछन् भने त्यस्ता छुट्टिएर बसेका आमाबाबु र तिनका बालबालिकाहरू एक आपसमा भेट्नको लागि आफ्नो देश वा आफू बसेको देश छोड्न र फेरि फर्किन पाउदछन्।

११. बालबालिकाको अवैध हस्तान्तरण र फर्कन बन्धन

बालबालिकालाई उस्का आमाबाबु, संरक्षक वा अरू कसैले गैर कानूनी तरिकाले हस्तान्तरण गरेको रहेछ वा विदेशमा पु-याएको रहेछ भने यस्ता बालबालिकालाई त्यहाँबाट आफ्नो देश फर्काउन सरकारले सक्दो प्रयास गर्नु पर्दछ।

१२. बालबालिकाको विचारको स्वतन्त्रता

आफूलाई असर परेको कुनै पनि विषय वा कुरामा आफ्नो मनमा लागेका कुरा भन्न पाउने अधिकार बालबालिकालाई छ। उनीहरूका यस्ता विचारहरूलाई बाबुआमा, संरक्षक वा अरू जो सुकै पनि सुनिदिनुका साथै प्रोत्साहन पनि दिनु पर्दछ।

१३. अभिव्यक्तिको स्वतन्त्रता :

कुनैपनि बालबालिकाले अरूको बाल अधिकार र मानब अधिकारमा असर नपर्ने किसिमले आफूलाई मन लागेको विषयमा केही कुरा जान्ने, कसैलाई जानकारी दिने तथा त्यस विषयमा आफ्नो विचार लेख्ने, बोल्ने वा अरू कुनैपनि तरिकाले व्यक्त गर्न सक्ने अधिकार पाएको छ।

१४. विचार, विवेक र धर्मको स्वतन्त्रता :

बालबालिकालाई आफूले चाहेको धर्म मान्न पाउने अधिकार छ। तर अरूको धर्म वा धार्मिक आस्थामा असर पार्न भने हुदैन। त्यस्तै आफ्नो देशको कानून पालना गरेर आफ्नो विचार व्यक्त गर्न पाउने साथै आफूलाई ठीक लागेको काम कुरा गर्न पाउनुका र आफ्नो विचार व्यक्त गर्न पाउने अधिकार पनि उनीहरूलाई छ।

१५. संगठनसम्बन्धी स्वतन्त्रताको अधिकार

बालबाललिकाले देशका अन्य व्यक्तिले जस्तै आफ्नो हक अधिकारको संरक्षण गर्न पाउदछन्। त्यस्तै उनीहरू कुनैपनि किसिमका संघ संस्था खोल्न र साथै संघ संस्थामा सहभागी हुन समेत पाउदछन्।

१६. निजीपनको हकको संरक्षण

बालबालिकाका गोप्य रूपमा राखेका आफ्ना वा कुनै व्यक्तिगत कुरा उसका घर तथा परिवार वा चिठीपत्र माथी कसैल पनि अनुचित किसिमले हस्तक्षेप गर्नु हुदैन। त्यस्तै कसैले गालीवेइज्जती ग-यो वा गैर कानूनी तरिकाले आक्रमण वा हस्तक्षेप ग-यो भने यस विरूद्ध उसलाई कानूनी उपचार पाउने अधिकार हुन्छ।

१७. उचित जानकारी पाउने अधिकार :

प्रचार प्रसारको माध्यमहरूले बालबालिकाको बौद्धिक, सामाजिक तथा नैतिक विकास हुने खालका ज्ञानवर्धक कुराहरू सिकाउनु पर्दछ। व्यक्ति व्यक्ति वीच राम्रो सम्बन्ध राख्ने, आफ्नो परम्परा संस्कृतिको संरक्षण गर्न सिकाउने खालका कार्यक्रमहरू संचालन गरी

बालवालिका समक्ष पु-याउन संचारका माध्यमहरूलाई प्रोत्साहन दिनु पर्दछ। तर बालबालिकालाई नकारात्मक प्रभाव पर्ने खालका कार्यक्रमहरू प्रचार गर्न भने सरकारले रोक लगाउनु पर्दछ।

१८. आमाबाबुको दायित्व

आफ्ना बालबालिकाको पालन पोषण गर्ने, शिक्षा दीक्षा दिने काममा बाबुआमा दुवैको बराबरी दायित्व हुन्छ। यस्तोमा दायित्व पुरा गराउने कार्यमा सरकारले सक्दो सहयोग गर्नु पर्दछ। साथै श्रमं गरेर जीविका चलाउने श्रमिक बाबुआमाका छोराछोरीको पालन पोषणको लागी सरकारले आवश्यक सुविधा दिनु पर्दछ।

१९. दुर्व्यवहार र हेलाबाट संरक्षण

कुनै बालबालिकालाई आफ्नै आमाबाबु, संरक्षक वा जिम्मेवार व्यक्तिले नराम्रो किसिमको व्यवहार गरे वा शारीरिक तथा मानसिक यातना दिए वा यौन शोषण जस्तो नीच व्यवहार गरे वा अरू कुनै तरिकाले शोषण गरे भने यस्तो शोषणबाट बचाउने काम सरकारले गर्नु पर्दछ।

२०. परिवारविहीन बालबालिकाको संरक्षण

आमाबाबु वा परिवार कोही पनि नभएका वा भएर पनि परिवारबाट निकालिएका बालबालिकाहरूलाई सरकारले पालन पोषण र संरक्षण गर्नुको साथै उस्को संस्कृतिको संरक्षण गर्ने तथा पारिवारिक वातावरणको सृजना गर्ने जस्ता कार्यहरूमा सहयोग गर्नु पर्दछ।

२१. धर्मपुत्र वा धर्मपुत्री राख्ने सम्बन्धी

कुनै देशको कानूनले धर्मपुत्र र धर्मपुत्री लिने अथवा दिने व्यवस्था गरेको छ भने त्यस्तो देशमा धर्मपुत्र वा धर्मपुत्री राख्दा उसले कानून बमोजिम योग्य सरकारी अधिकारीबाट स्वीकृत लिनु पर्दछ। यस्ता स्वीकृति दिने अधिकारीले विशेष गरी बालकको हितलाई ध्यान दिनु पर्दछ।

२२. शरणार्थी बालबालिका

विभिन्न कारणले गर्दा शरणार्थी भएका वा हुन लागेका बालबालिकाहरूलाई सरकारले विशेष रूपमा संरक्षण प्रदान गर्नु पर्दछ। साथै यस्ता बालबालिकाको सहायता र सुरक्षाका लागि काम गर्ने संघ संस्थालाई पनि सरकारले आवश्यक सहयोग गर्नु पर्दछ।

२३. अपांग बालबालिका

प्रत्येक देशले आफ्ना देशमा भएका अपांग बालबालिकालाई अन्य सद्धे बालबालिका जस्तै योग्य व्यक्ति बनाउन सकेसम्म निशुल्क विशेष शिक्षा, स्याहार तथा तालिम आदि दिने व्यवस्था गर्नु पर्दछ।

२४. स्वास्थ्य तथा स्वास्थ्य सेवाको अधिकार

प्रत्येक बालबालिकाले आफ्नो स्वास्थ्य राम्रो राख्ने तथा विरामी हुदा उचित औषधि उपचार गर्न पाउने अधिकार राख्दछन्। यसको साथै सरकारले बाल मृत्युदर घटाउने, गर्भवती र सुत्केरी आमाको आवश्यक हेरविचार गर्ने, स्वास्थ्य शिक्षा प्रदान गर्ने, परिवार नियोजनको साथै सरसफाइमा जोड दिई समाजमा रहेका पुराना हानिकारक उपचारका तरिकालाई हटाउने प्रयास गर्नु पर्दछ।

२५. बालबालिकालाई राखिएको स्थानको निरीक्षण

सरकारले बालबालिकको स्याहारा संभार, उनीहरूको संरक्षण तथा उपचारको लागि भनेर खोलिएका ठाउँहरूमा राखिएका बालबालिकले त्यहाँ भएका व्यवस्थाहरूको नियमित रूपले निरीक्षण गर्नु गराउनु पर्दछ।

२६. सामाजिक सुरक्षा

बालबालिकाहरूलाई सामाजिक सुरक्षा प्रदान गर्न वीमाको व्यवस्था गरिदिने साथै सामाजिक सुरक्षा र विभिन्न कल्याणकारी कार्यहरूबाट फायदा लिन सक्ने समेत अधिकार छ।

२७. जीवनस्तर

बालबालिकाले आफ्नो जीवन राम्रो सित जिउनको लागी उसले आफ्नो शारीरिक,

मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकास गर्न पाउदछ। बालबालिकाका यस्ता अधिकारहरूलाई आमाबाबु वा संरक्षकले विशेष ध्यान पु-याउनु पर्दछ। यस कामको लागी आवश्यक परेमा सरकारले पनि आर्थिक तथा भौतिक सहयोग गर्नु पर्दछ।

२८. शिक्षा

महासन्धिले बालबालिकालाई कम्तिमा पनि प्राथमिक तहसम्म शिक्षा पाउने अधिकार प्रदान गरेको छ। यस्तो शिक्षा सरकारले निःशुल्क र अनिवार्य गर्नु पर्दछ। स्कूलमा पढाइको साथसाथै अनुशासन पनि सिकाउनु पर्दछ। त्यस्तै पढाइको स्तरको आधारमा सवैलाई उच्च शिक्षा हासिल गर्न समान मौका दिनु पर्दछ।

२९. शिक्षाको उद्देश्य

बालबालिकालाई दिइने शिक्षा उस्को व्यक्तित्व, शारीरिक, मानसिक र बौद्धिक विकास हुने खालको हुनु पर्दछ। यसरी दिइने शिक्षाको उद्देश्य बालबालिकाहरू ठूला भएपछि आत्मनिर्भर भै सक्रिय जीवन विताउन सक्ने र आफ्ना हक अधिकारका वारेमा सचेत हुने, आफ्नो र अरूको संस्कृति, भाषा र राष्ट्रियता प्रति आदर भाव जगाउने किसिमको हुनु पर्दछ।



३०. अल्पसंख्यक तथा आदिवासी बालबालिकाहरु

अल्पसंख्यक तथा आदिवासी परिवारका बालबालिकाले आफ्नो धर्म, संस्कृति मान्न पाउनुका साथै आफ्नो मातृभाषा वोल्न पाउने अधिकार यस महासन्धिले प्रदान गरेकोछ।

३१. फुर्सद, मनोरञ्जन र संस्कृति सम्बन्धी क्रियाकलापहरु

प्रत्येक बालबालिकाको आफ्नो फुर्सदको समय उपभोग गर्न, आराम गर्न, मनोरञ्जन हुने कृयाकलाप गर्न,

रचनात्मक तथा संस्कृति सम्बन्धी कृयाकलापहरू गर्न पाउने अधिकार हुन्छ। यी सबै कृयाकलापहरूलाई सरकारले प्रोत्साहन गर्नु पर्दछ।



३२. बाल मजदुर

बालबालिकालाई काममा लगाउदा उसको पढाइ लेखाइ, स्वास्थ्य र विकासमा असर पर्ने तथा जोखिम किसिमका काममा लगाउन हुदैन। काममा लगाइएका बालबालिकाहरूलाई काम अनुसारको पारिश्रमिक पनि दिनु पर्दछ। सरकारले काममा लगाउन हुने बालबालिकाको उमेर निश्चित गरिदिनुको साथै काममा लगाउन सकिने समयावधि र स्वास्थ्य वातावरण सम्बन्धी कुराहरू पनि निश्चित गरिदिनु पर्दछ। त्यस्तै सरकारले काममा लागेका बालबालिकाको श्रमको शोषण हुन नदिन सबै उपायहरू अपनाउनु पर्दछ।

३३. लागु पदार्थको दुरुपयोगबाट संरक्षण

सरकारले कुनै पनि बालबालिकालाई लागु पदार्थ तथा मादक पदार्थको सेवन गर्न तथा त्यसको उत्पादन गर्ने र विक्री वितरण गराउन लगाउने व्यक्तिहरूबाट बचाउनु पर्दछ।

३४. यौन शोषणबाट संरक्षण

बालबालिकाहरूलाई यौन शोषण वा दुर्व्यवहार हुन बाट बचाउनु पर्दछ। यसको साथै उनीहरूलाई बेश्याबृत्ति र अश्लिल चित्रहरू जस्ता खराब कुरामा पनि सामेल गराउन हुदैन।

३५. बालबालिकाको बेचविखन, सौदावाजी र अपहरणबाट सुरक्षा

कसैले पनि बालबालिकालाई बेचविखन गर्न, उनीहरूको सौदा गर्न, देवी देवतालाई भनेर चढाउन साथै अपहरण जस्ता नराम्रा कार्यहरू गर्न हुदैन। यस्ता कार्यहरू हुन नदिन सरकारले सक्दो प्रयास गर्नु पर्दछ।

३६. अन्य किसिमको शोषणबाट संरक्षण

वालबालिकाहरूलाई माथि उल्लेखित शोषणहरू तथा शारीरिक तथा मानसिक दुर्व्यवहार, हेला, तिरस्कारबाट सकभर सुरक्षित राख्नु पर्दछ।

३७. यातना र स्वतन्तत्राको अपहरणबाट संरक्षण

कुनैपनि वालबालिकालाई कडा सजाय, दुःख दिन वा डरलाग्दो किसिमको निर्दयी व्यवहार गर्न हुदैन। कानून बमोजिम अपराध गरेमा पनि मृत्युदण्ड दिने र जिन्दगीभर कैदको सजाय पनि गर्नु हुदैन। जेलमा राख्नु पर्दा पनि उमेर पुगेका कैदीसंग राख्न हुदैन। जेलमा परेका बालबालिकालाई आफ्नो परिवारसंग भेट्न दिनुको साथै कानूनी सहयोग तथा अरू सहयोग पनि लिन दिनु पर्दछ।

३८. सशस्त्र संघर्षबाट संरक्षण

बालबालिकालाई १५ वर्ष उमेर नपुगिकन सशस्त्र सेनामा भर्ति गर्न तथा लडाईमा पठाउन पनि हुदैन। सशस्त्र सघर्षबाट असर परेका बालबालिकाहरूको स्याहार र संरक्षण सरकारले गर्नु पर्दछ। आपत्कालीन स्थिति सृजना भएमा सरकारले सबैभन्दा पहिला बालबालिकालाई नै संरक्षण दिनु पर्दछ।

३९. पुनर्स्थापनासम्बन्धी व्यवस्था

विभिन्न कारणहरू जस्तो यातना, हेला, दुर्व्यवहार, सशस्त्र सघर्ष, शोषणबाट पीडित व्यक्तिहरूलाई समाजमा फर्केर फेरी पहिलेको जस्तै जीवन विताउन सक्ने किसिमको व्यवस्था सरकारले मिलाउनु पर्दछ।

४०. बालबालिका सम्बन्धी न्याय प्रशासन

कुनै बालबालिकालाई अपराध गरेको भनी कुनै दोष लागेको भए पनि उस्को दोष प्रमाणित नहुन्जेलसम्म उसलाई निर्दोष नै ठान्नु पर्दछ। बालबालिकाको तर्फबाट कानून व्यवसायी राख्ने तथा अरू चाहिने आवश्यक सहयोग उपलव्ध गराउने काममा सरकारले सहयोग गर्नु पर्दछ। वालबालिकाको कानून व्यवसायी उपस्थित भएपछि आवश्यक छलफल गरेर मात्र अदालतले फैसला गर्नु पर्दछ। बालबालिकालाई आफ्नो विरूद्धमा बयान दिन र साबित हुन कर लागाउनु हुँदैन। मुद्दा फैसला गर्दा पनि उनीहरूले बुझ्ने गरी सरल भाषामा गर्नु पर्दछ।

४१. उच्चस्तरको मापदण्डको आदर

यस महासन्धिमा व्यवस्था भएका कुराहरू भन्दा कुनै देशको राष्ट्रिय वा अन्तराष्ट्रिय लिखतहरूमा बालबालिकाका सम्बन्धमा अझ राम्रो हक अधिकारको व्यवस्था गरिएको रहेछ भने तिनलाई नै व्यवहारमा लागु गर्नु पर्दछ। किनभने बालबालिकाको सर्वोत्तम हित गर्नु नै यस्ता कानून तथा महासन्धिहरूको मुख्य उद्देश्य हो।

४२. प्रचार प्रसार गर्नु पर्ने

यस महासन्धिले व्यवस्था गरेका अधिकारहरू बारे बालबालिका लगायत उमेर पुगेका प्रौढ व्यक्तिहरूलाई पनि जानकारी दिलाउन सरकारले व्यापक रूपमा प्रचार प्रसार गर्नु पर्दछ।

४३. बाल अधिकार समिति

यस महासन्धिले व्यवस्था गरेका कुराहरूको सम्बन्धमा भएका काम कारवाहीको निरीक्षण गर्न एउटा बाल अधिकार समिति बनाइन्छ। विभिन्न देशका सरकारहरूले पठाएका प्रतिवेदन माथी विचार गरी त्यस सम्बन्धमा सुझाव दिने काम यस समितिले गर्दछ।

४४. प्रतिवेदन मूल्यांकन

बाल अधिकार समितिले कुनै राष्ट्रिय प्रतिवेदनको मूल्यांकन गरी कुनै खास प्रश्नमा विशेष खोजी गर्न सक्दछ। यसरी समितिले गरेका प्रतिवेदन सम्बन्धी मूल्यांकन सम्बन्धित देशको सरकार र संयुक्त राष्ट्र संघको महासभामा बुझाउनु पर्दछ।

४५. महासन्धिको कार्यान्वयन

यस महासन्धिलाई लागु गर्नको लागि अन्तराष्ट्रिय संस्थाहरू र संयुक्त राष्ट्र संघका विशिष्ठ निकायहरूले बाल अधिकार समितिलाई आवश्यक सूचना तथा जानकारी दिनुका साथै कुनै सरकारी प्रतिवेदनको जाँच गर्दा बाल अधिकार समितिको बैठकमा पनि बस्नसक्दछ।

भाग ३

बालबालिका सम्बन्धी संवैधानिक व्यवस्था

नेपाल अधिराज्यको संविधान २०४७ ले बालबालिकाका सम्वन्धमा प्रदान गरेका हक अधिकारहरू यस प्रकारका छन :

१. नागरिकताको हक

नेपाल अधिराज्य भित्र फेला परेको बाबुको ठेगाना पत्ता नलागेका प्रत्येक नाबालक उसको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिन्छन ।

२. मौलिक हक

(क) बालक्रहरूको संरक्षण र विकासको लागि कानूनव्दारा विशेष व्यवस्था गरिनेछ ।

(ख) प्रत्येक समुदायले बालबालिकलाई आफ्नो मातृ भाषामा प्राथमिक तहसम्मको शिक्षा दिनको लागि विद्यालय खोलेर चलाउन सक्दछन् ।

(ग) नाबालकहरूलाई कुनै कलकारखाना, खानी वा यस्तै किसिमका अरू कुनै खतरनाक वा गाह्रो काममा लगाउन पाइदैन ।

३. राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु

(क) राज्यले देशका बालबालिकाहरूको शोषण हुन नदिइ उनीहरूको हक र हितको रक्षा गर्नको लागि आवश्यक व्यवस्था गर्नुको साथै उनीहरूलाई निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था पनि क्रमैसंग गर्दै लैजानु पर्दछ ।

(ख) राज्यले अनाथ बालबालिकाहरूको संरक्षणको साथै उनीहरूको उन्नति प्रगतिको लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति लागु गर्दछ ।

(ग) सबैलाई समान रूपमा न्याय प्रदान गर्न राज्यले आफ्ना देशभित्र रहेका असमर्थ व्यक्तिहरू (जस्तै : बालबालिका आदि) को प्रतिनिधित्व गर्नको लागि निःशुल्क कानूनी सेवा प्रदान गर्ने नीति लागु गर्दछ ।

भाग ४

बालबालिका सम्बन्धी मुलुकी ऐनमा भएका व्यवस्थाहरु

(क) अदालती बन्दोबस्तमा भएका कुराहरु

१. अदालतले मुद्दाको कारवाही किनारा गर्ने क्रममा सोह्र बर्ष भन्दा मुनिका वेवारिसी नाबालकहरूको मुद्दालाई प्राथमिकता दिई मुद्दा फैसला गर्नु पर्दछ।

२. १६ वर्ष नपुगेका नावालकसंग कुनै कागज लिनु पर्दा वा गराउनु पर्दा उसको हकवाला वा संरक्षकलाई राखेर मात्र कागज लिनु गराउनु पर्दछ। तर कुनै बालक सोह्र बर्ष नपुगेको भएपनि ज्यानमारा, चोरी वा करणी जस्ता अपराध गर्ने गर्न लगाउने मानिसको अड्डाबाट कागज गराउदा हकवाला वा संरक्षक नभए पनि कागज गराउन हुन्छ। यसरी संरक्षक वा हकवाला राखी कागज गराएको छ भने यो मेरो मानिसले भने वमोजिम मेरो सामुन्नेमा कागज गरेको साँचो छ भनी त्यस कागजको किनारामा संरक्षक वा हकवालाको पनि सहिछाप गराउनु पर्दछ। कागज गराउदा जवरजस्ती करकाप गरी कागज गराउनु हुदैन, गरायो भने सो कागजले कानूनी मान्यता पाउदैन। यी कुराहरू बाहेक कसैले जानी जानी वा आफ्नो खुसिले कागज गर्दछ भने त्यस कागजले कानूनी मान्यता प्राप्त गर्दछ।

३. ऐनमा यति दिनभित्र नालिस गर्नु भनी हदम्याद तोकिएकोमा कुनै व्यक्ति सोह्र बर्ष नाघेको रहेनछ भने उ सोह्र वर्ष नाघेको दिनदेखि तोकिएको हदम्यादभित्र नालिस दिनु पर्दछ। तर सो नाबालक सोह्र बर्ष नपुग्दै म-यो भने उ मरेको दिन देखि हदम्याद सम्ममा मर्नेको हकवालाले नालिश गर्नु पर्दछ।

४. सोह्र वर्ष नपुगेका नाबालकहरूको कुनै नालिश, प्रतिउत्तर, पुनरावेदन, निवेदन वा मुद्दा मामिला सम्बन्धी कुनै काम कारवाही गर्नु पर्दा अदालतको अनुमति लिएर एकैघरमा संगै बस्ने सोह्र बर्ष पुरा भएका हकवालाले हदम्याद भित्र नालिस गर्न सक्दछ।

५. कुनै नावालकले अपराध गरेपनि थुनामा राख्न उचित हुदैन भनी अदालतले ठहऱ्याएमा निजलाई अदालतले धरौट वा जमानत लिई छोड्न पनि सक्दछ।

(ख) जमानी गर्नेको

सोह्र बर्ष नपुगेका बालबालिकालाई कसैले पनि जमानीको रूपमा लिनु हुदैन।

(ग) गरीब कंगालको

१. कुनै बालबालिकाको बाबु मरेमा वा बेपत्ता भएमा वा विदेश गएको रहेछ र आमा पनि पोइला गएकी रहिछन् भने त्यस्ता बालबालिकाको सम्बन्धमा निम्न बमोजिम हुन्छः

- त्यस बालबालिकाको एकैघरमा संगै बस्ने हकवालाको कुनै सम्पत्ति पनि रहेनछ वा उमेर पुगेको पनि रहेनछ भने त्यस्तो बालकलाई उस्की आमाले आफैसंग राखी पाल्नु पर्दछ।
- उमेर पनि पुरा भएका र जायजेथा पनि भएका एकैघरका हकवाला भए पनि त्यस बालकको उमेर आठ वर्ष भन्दा कम रहेछ भने उ आठ बर्ष नपुगुन्जेल सम्म संगै लगी वा एकाघरको हकवाला नभए बालककै घरमा बसी पाल्न पाउदछिन्।
- आठ बर्ष भन्दा माथि र सोह्र बर्ष मुनिका बालबालिकाको उमेर पुगेका एकाघरका हकवालाले नपालेमा आमाले पाल्न पाउदछिन्।
- बालकको हकवालानै नभएको वा भए पनि उमेर नपुगेको वा उमेर पुगेको भएपनि पाल्न नचाहेको अवस्थामा आमाले पालेमा सो बालकको जायजेथा पनि आमाले लिन पाउछिन्।

२. कुनै बालबालिकाको संरक्षक पनि नभएको वा भएर पनि हेर विचार नगरेको वा त्यस्तो कोही नभएको बालकको सम्पत्ति रहेछ वा भए पनि त्यस्तो सम्पत्तिले मात्र उसको पालन पोषण हुन नसक्ने रहेछ भने त्यो ठाउँको गाउँ विकास समिति वा नगरपालिकाले त्यस्तो बालकलाई बालक पाल्ने ठाउँको कुनै व्यवस्था भएकोमा सोहि ठाउँमा र त्यो नभए त्यस ठाउँको प्रमुख जिल्ला अधिकारी समक्ष पठाई दिनु पर्दछ। प्रमुख जिल्ला अधिकारीले पनि यस्ता बालकलाई उसको सम्पत्तिले नपुगे जति रकम राजगुठिको आम्दानीबाट खर्च गरि सोह्र बर्ष नपुगुन्जेलसम्म स्याहार संभार गरी गर्न लगाई पाल्नु पर्दछ।

३. आमाबाबु कोही पनि नभएका काम गरी खान नसक्ने टुहुरा बालबालिकालाई श्री ५ को सरकारको तर्फबाट दिइने सदावर्त सिधा दिइन्छ।

४. बालबालिकालाई पाल्दा पाल्नेले सकेसम्म उचित शिक्षा दीक्षा दिलाउनु पर्दछ।

५. कुनै व्यक्तिको जिम्मामा दिइएको कुनै नाबालकको सम्पत्ति सोही बालकलाई फिर्ता दिइएकोमा त्यसमा चित्त नबुझी नालिस गर्नु पर्दा आफूले सम्पत्तिको हिसाब किताबका फाटवारी लिएको मितिले दुई वर्षभित्र नालिश दिनु पर्दछ।

(घ) लोग्ने स्वास्नीको

१. कानून बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद भएको मितिले २७२ दिन भित्र जन्मेको सन्तान अरू कुराले प्रमाणित नभएसम्म सो सम्बन्ध विच्छेद भएकै लोग्नेको ठहर्छ। यस्तो सन्तान र पाँच वर्ष नपुगेका वा पाँच वर्षदेखि माथिका नाबालक पाल्ने सम्बन्धमा निम्न बमोजिम हुन्छ।

- पाँच बर्ष भन्दा मुनिका बालबालिकालाई पाँच वर्षको उमेर नपुगेसम्म आमाले आफै पाल्न चाहेमा आमाले र आमाले पाल्न नचाहेमा बाबुले पाल्नु पर्दछ।
- पाँच वर्ष भन्दा माथिका बालबालिकालाई आमा पोइला नगएको अवस्थामा आफैले पाल्न चाहेमा आमाले र आमाले पाल्न नचाहेमा वा पोइला गएमा बाबुले पाल्नु पर्दछ।
- तर आमाबाबु दुवै मन्जुर भएमा बालकलाई पालैपालो गरी पाल्न पनि सक्दछन।
- आमाले बालकलाई पाल्दा बाबुले आफूले सक्ने जति रकम उसलाई पालन पोषण, शिक्षा तथा औषधि उपचारको लागि दिनु पर्दछ। तर बालकलाई आमाले नपाली बाबुले पालेको रहेछ र बाबुको भन्दा आमाको आयस्ता बढी रहेछ भने अदालतले अवस्था हेरेर तोकिदिए अनुसार आमाले बालकको पालन पोषण, शिक्षा तथा औषधि उपचारको खर्च व्यहोर्नु पर्दछ।

२. नाबालकको नाता सम्बन्ध कायम गराई माग्न उसको तर्फबाट हकबालाले नालिश गर्न पाउदछ।

(ङ.) अंशबण्डाको

अंशबण्डा गर्दा घटिबढी गरेको कारणबाट नालिस गर्नु पर्दा सोह्र बर्ष नपुगेको नाबालक छ भने उस्ले आफू सोह्र बर्ष पुगेको मितिले तिन महिनाभित्र नालिश गर्नु पर्दछ।

(च) धर्मपुत्रको

१. कानून बमोजिम धर्मपुत्र राख्नुपर्ने हकवाला भएपनि कुनै व्यक्तिले पाँच बर्ष मुनिको बालक बाटा घाटामा पाई ल्याई पालेको अवस्थामा त्यस्तो बालकलाई त्यसरी ल्याई पाल्नेले धर्मपुत्र राख्न चाहन्छ भने राख्न पाउँछ। तर त्यसरी ल्याई पालीराखेको बालकलाई धर्मपुत्रको रूपमा राखेको रहेनछ तर कुनै लिखत गरि दिएको रहेछ भने लिखत बमोजिम र लिखत नभएकोमा सो बालकलाई पाल्नेले दया मायाले जे जति दिन्छ, त्यति मात्र पाउँछ, बढी पाउँदैन। पाल्नेले दया मायाले केही पनि दिएन भने सो बालकको उमेर नपुगुन्जेलसम्म पाल्नेको इज्जत आमद अनुसार खान लाउन दिनु पर्दछ।

२. कानून बमोजिम धर्मपुत्र राख्नु पर्ने नाता वा सन्तानका व्यक्ति वा हकवाला भए पनि बाबु नभएको वा पत्ता नलागेको सोह्र बर्ष मुनिका नाबालकलाई आमा भए आमाको मंजुरी लिएर र आमा पनि नभए निजलाई पाल्ने व्यक्तिको वा त्यो बालक श्री ५ को सरकारद्धारा स्वीकृती अनाथालयमा पालिएको रहेछ भने सो अनाथालयको स्वीकृति लिई धर्मपुत्र राख्न पाउँछ।

३. छोरी हुनें लोग्ने मानिस वा स्वास्नी मानिसले धर्मपुत्री राख्न पाउदैन। लोग्ने हुने स्वास्नी मानिसले पनि धर्मपुत्री राख्न पाउदिनन्। यस देखि बाहेक अरूले दश वर्ष मुनिकी बालिकालाई लिखत गरि धर्मपुत्री राख्न पाइन्छ।

४. धर्मपुत्री र धर्मपुत्री राख्नेको उमेर कम्तीमा पच्चीस बर्षको फरक हुनु पर्दछ।

५. धर्मपुत्री राख्न पाउनेले धर्मपुत्री राखी सकेपछि छोरी जन्मे पनि पहिला राखेको धर्मपुत्री बदर हुदैन। उसको छोरी सरहको हक कायमै रहन्छ।

६. कसैका बाबु आमा दुवैको मिलोमतोले बालकलाई फालेका रहेछन् भने बाबु आमा को अंश र त्यस बालक समेत बालक पाल्ने व्यक्तिलाई दिनु पर्दछ। तर बाबु अथवा आमा मध्ये एक जनाले मात्र फालेको रहेछ भने जसले फालेको हो उसको र बालकको अंश दिनु पर्दछ। त्यस्तै गरी अर्काकी स्वास्नी भगाई ल्याई त्यसबाट जन्मेको बालक फालेमा बाबुको अंश, बालकको र आमाको दाइजो पेवा अंश समेत त्यो बालक पाल्नेलाई दिनु पर्दछ। तर धर्मपुत्र नठहर्ने बाटा घाटामा भेटी ल्याई पालेकालाई त्यस्तो दिइएको सम्पत्ति त्यही बालकको नै हुन्छ।

७. कसैले कानून बमोजिम धर्मपुत्र राखीसकेपछि कुनै त्रुटी नभई धर्मपुत्र बदर गर्न सक्दैन। तर निम्न अवस्थामा धर्मपुत्र बदर हुन सक्दछ -

- धर्मपुत्र राख्नेलाई धर्मपुत्र बस्नेले सम्पत्ति भए अनुसार खान लाउन नदिएमा,
- घरको सम्पत्ति घरसल्लाह नगरी बाहिर लगी जथाभावी गरेमा,
- कुटपिट गरेमा,
- धर्मपुत्र राख्नेको हेरचारको राम्रो बन्दोबस्त नगरी घरमा सल्लाहनै नगरी घरछोडि हिडेमा।

यसरी बदर भएका धर्मपुत्रले आफूलाई जन्मदिने बाबुपट्टिको अंश पाउछ। तर धर्मपुत्र राख्नेले धर्मपुत्र बस्नेको कसुरै विना खान लाउन दिएन अथवा घरबाट निकालिदियो भने उसले आफूलाई धर्मपुत्र राख्ने संग छोरा सरह अंश लिन पाउछ।

८. कानून बमोजिम धर्मपुत्र दिन अथवा लिन मिल्ने रहेछ भने पनि एउटा मात्र सन्तान हुने व्यक्तिले धर्मपुत्र राख्न दिनु हुदैन र लिनेले पनि लिनु हुदैन। लिए दिए त्यो बदर हुन्छ।

९. कानून बमोजिम राख्न नहुने धर्मपुत्र वा धर्मपुत्री कसैले राखेमा, राखेको थाहा पाएको मितिले दुई वर्ष भित्र नालिस दिनु पर्दछ।

(छ) लेनदेन व्यवहारको

१. सोह्र बर्ष मुनिका नावालकले गरेको लेनदेन व्यवहारहरूले कानूनी मान्यता पाउदैन। उसको सम्पत्तिको संरक्षकले त्यस लेनदेनको कागजमा सही छाप गरेको छ भने त्यसले भने मान्यता पाउछ। तर संरक्षकले बालकको सम्पत्ति विगार्ने मनसायले सहीछाप गरेमा निजबाट त्यसको विगो भराई विगोको सयकडा पच्चीस प्रतिसतका दरले जरीवाना गर्नु पर्दछ।

(ज) चोरीको

१. कुनै सगोलको परिवारमा नावालकलाई मात्र थाहा दिई उसको मन्जुरीमा कसैले कुनै चिज बस्तु लैजान्छ भने त्यो चोरी गरे सरह हुन्छ।

२. सोह्र बर्ष मुनिका बालकले चोरेर ल्याएको सामान अरू व्यक्तिले जानी जानी बेचेमा बेच्नेबाट किन्नेको थैली भराई बेच्नेलाई विगो बमोजिम जरीवाना समेत हुन्छ।

(झ) ज्यान सम्बन्धीको

१. कसैले जिउदै जन्मेका बच्चा फालेमा फाल्नेलाई ४ बर्षसम्म कैदको सजाय हुन्छ। यसरी फाली सकेपछि त्यो बच्चा मरेमा निजलाई ज्यानमारा सरहको सजाय हुन्छ।

२. कसैले कसैलाई मार्न लागेको वेला पीडित पक्षले गुहार माग्दा सुनी सुनी पनि मद्दत गर्न नजाने सोह्र बर्ष मुनिका वालकलाई ३० रूपैया सम्म जरिवाना हुन्छ।

३. जन्मेका जिउदो बच्चा फालेको देख्ने व्यक्तिले नजिकैको प्रहरी चौकिमा त्यसको सूचना दिनु पर्दछ।

(ञ) जिउ मास्ने बेच्नेको

१. कसैले पनि सोह्र बर्ष मुनिका वालकालिकालाई उस्को वाबु आमा अथवा संरक्षकबाट हटाउन फकाउनु हुदैन। त्यसो गरेमा गर्नेलाई पाँच सय रूपैया सम्म जरिवाना वा तिन बर्षसम्म कैद वा दुवै सजाय हुन सक्दछ।

(ट) जवरजस्ती करणीको

१. सोह्र बर्ष मुनिकी विवाह नभएकी वा विधवा वा अर्काकी स्वास्नीलाई उसको मन्जुरी लिई वा नलिई जुनसुकै तरिकाले करणी गरेमा जवरजस्ती करणी गरेको ठहर्छ। त्यस्तै सोह्र बर्ष माथिकाको मन्जुरी नलिई करकापमा पारी वा डर धाक धम्की दिई वा अनुचित प्रभावमा पारेर गरेको करणी पनि जवरजस्ती करणी ठहर्छ।

२. २४ बर्ष भन्दा मुनिकी स्वास्नी मानिसलाई करणी गरेको भए सो गर्ने व्यक्तिलाई ६ बर्ष देखि १० बर्ष सम्म र १४ वर्ष र सो भन्दा माथिकी स्वास्नी मानिसलाई करणी गरेको भए सो गर्ने व्यक्तिलाई ३ बर्ष देखि ५ बर्ष सम्मको सजाय हुन्छ।

३. यस्तो जवरजस्ती करणी गर्ने कुरा थाहा पाई पाई पनि आफूपनि गई समाउने र सो काममा मद्दत गर्नेलाई प्रतिव्यक्ति १ बर्ष सम्म कैदको सजाय हुन्छ। तर १४ बर्ष भन्दा मुनिको स्वास्नी मानिस भए त्यसको दोव्वर सजाय हुन्छ।

(ठ) विवाह वारीको

१. विवाह गर्दा संरक्षकको मन्जुरी भए केटीको उमेर १६ बर्ष तथा केटाको उमेर १८

बर्ष र संरक्षकको मन्जुरी नभए केटीको उमेर १८ बर्ष तथा केटाको उमेर २१ बर्ष पुरा भएको हुनु पर्दछ। तर केटा र केटीको उमेरमा विस बर्षको भन्दा बढी फरक हुने गरी विवाहवारी गर्नु हुदैन, गरेमा निम्न बमोजिम सजाय हुन्छ –

- दश बर्ष नपुगेकी स्वास्नी मानिसको विवाह गराएमा गराउने मुख्य मध्ये उमेर पुगेकालाई ३ बर्षसम्म कैद र पाच सय देखि पाँच हजार रूपैया सम्म जरीवाना हुन्छ।
- १० बर्ष देखी माथी र १४ बर्ष भन्दा मुनिकी भए १ बर्ष सम्म कैद र दुई हजार रूपैया सम्म जरीवाना हुन्छ।
- १४ बर्ष भन्दा माथी १६ बर्ष भन्दा मुनिकी भए ३ महिनासम्म कैद वा एक हजार रूपैया सम्म जरीवाना वा दुवै सजाय हुन्छ।
- संरक्षकको मन्जुरी नलिई सोह्र बर्ष भन्दा माथि अठार बर्ष भन्दा मुनिकी स्वास्नी मानिसको र अठार बर्षदेखि माथी र एक्काइस बर्ष भन्दा मुनिका लोग्ने मानिसको विवाह गराएको रहेछ भने सो गर्ने गराउने मुख्य मध्ये उमेर पुगेकालाई पाँचसय रूपैयासम्म जरिवाना हुन्छ।
- कानूनले गर्न नहुने विवाह ढाँटी गराएमा गराउनेलाई माथि लेखिए बमोजिमको सजाय हुन्छ। तर नजानी विवाह गराएको रहेछ भने गर्ने गराउने लाई सजाय हुदैन।
- केटा र केटी दुवैको सोह्र बर्ष उमेर नपुगी विवाह भएको रहेछ भने तिनीहरूले सोह्र बर्ष पुरा भएपछि मंजुर नगरे त्यो विवाह बदर हुन्छ।

(ड) अदलको

कुनै भेषधारी मानिसले अठार बर्ष नपुगेका बालबालिकलाई उसको संरक्षकको मन्जुरी वा उसैको मन्जुरी भएपनि मुड्नु हुदैन, मुडेमा तिन बर्ष भित्र नालिस दिनु पर्दछ। अठार बर्ष नाघेकालाई उसको मन्जुरी बेगर डर धम्की भय त्रास देखाइ करकापसंग मुड्नु हुदैन, मुडेमा ३५ दिनभित्र उजुर दिनु पर्दछ। तर नालिस दिएन भने उसको मन्जुरीले मुडेको ठहर्दछ।

भाग - ५

बालबालिका सम्बन्धी ऐन, २०४८ द्वारा प्रदत्त बालबालिकाका हक अधिकारहरु

परिच्छेद- एक

बालबालिकाहरुको हक, अधिकार

१. बालकको नाम राख्ने र जन्ममिति कायम गर्न पाउने अधिकार :

कुनै पनि वालक जन्मेपछि उसले आफ्ना बाबुआमा, परिवार वा उसलाई पाल्ने व्यक्ति वा संस्थाको आफ्नो चलन अनुसार नाम राख्न पाउने र जन्ममिति कायम गर्न पाउने अधिकार हुन्छ। जन्ममिति कायम गर्दा आमाबावु वा परिवार कोही नभएका बाटाघाटामा फेला परेका बालबालिकाको जन्मेको मिति डाक्टरको राय सल्लाह लिइ सोही बमोजिम कायम गरिदिनु पर्दछ।

वालकको जन्ममिति कायम भइसके पछि कानूनी प्रकृया पुरा गरेर पञ्जिकाधिकारीको कार्यालयमा उसको जन्ममिति दर्ता गराउनु पर्दछ।

२. पालनपोषण, शिक्षा, स्वास्थोपचारको अधिकार

वालबालिकाले आफ्ना वावु आमा वा उसलाई पाल्ने व्यक्तिबाट उनीहरूको हैसियत अनुसार राम्रो स्याहार सुसार पाउने लगायत औषधी उपचार, पढाइ लेखाईको साथै खेल्ने रमाइलो गर्न पाउने र रोगबाट बच्ने खालका विभिन्न खोपहरू पनि लगाउन पाउने अधिकार हुन्छ। यस कार्यमा सरकारले पनि सहयोग गर्नु पर्दछ। साथै गर्भवती तथा सुत्केरी अवस्थाका आमाहरूको स्वास्थ्य राम्रो राख्ने कुराको व्यवस्था मिलाउन र बाबुआमालाई परिवारको राम्रो हेरचाह गर्ने र परिवार नियोजनका वारेमा सल्लाह र शिक्षा दिने कार्यमा सरकारले सक्दो सहयोग गर्नु पर्दछ।

३. पालनपोषण आदिमा भेदभाव गर्न नहुने

प्रत्येक बाबु आमाले आफ्ना छोरा र छोरी बीचमा कुनै किसिमको भेदभाव नराख्ी हुर्काउने बढाउने, पढाउने लेखाउने साथै औषधी उपचार गर्नु पर्दा समान व्यवहार गर्नु पर्दछ।

४. आफ्ना सन्तान तथा धर्मपुत्र र धर्मपुत्री बीच भेदभाव गर्न नहुने

कुनै महिला र पुरूषको विवाह हुनु अघि पनि छोरा छोरी रहेछन् र विवाह गरिसकेपछि पनि छोरा छोरी भएका रहेछन् भने यस्तो विवाह हुनु अघि भएका र विवाह भैसकेपछि भएका छोराछोरी हुर्काउदा बढाउदा वा शिक्षा दीक्षा दिदा वा औषधी उपचार गर्दा कुनै किसिमको भेदभाव गर्न हुदैन। त्यस्तै कसैले आफ्नो छोराछोरी हुदाहुदै पनि धर्मपुत्र वा धर्मपुत्री राख्वेको रहेछ भने आफूले जन्माएका छोराछोरी र धर्मपुत्र धर्मपुत्री बीच पनि कुनै किसिमको भेदभाव गर्नु हुदैन।

५. बालबालिकालाई डरलाग्दो सजाय दिन र जथाभावी दुःख यातना दिन हुदैन। उनीहरूकै भलाइको लागी उस्का बाबुआमा वा उसलाई पाल्ने व्यक्ति वा शिक्षकले सामान्य रूपले गाली गर्न वा पिट्नसम्म पाउदछन्। तर कसैले यसको विपरित काम गरेमा पाँच हजार रूपैयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन सक्दछ। क्रूर यातनापूर्ण व्यवहार गरेकोमा आवश्यक क्षतिपूर्ति समेत भराईदिन सक्नेछ।

६. कुनै बालबालिकाका बाबु र आमा कुनै कारणले छुट्टिए र भिन्न बसेका रहेछन् भने बाबुसित बसेको बालकलाई आमा सित र आमासित बसेको बालकलाई बाबु सित वेला वेलामा भेट्न र केही समयसम्म संगै बस्न दिनु पर्दछ। तर बाबुआमा मध्ये कसैसंग भेट्दा वा संगै बस्दा बालकलाई कुनै किसिमले नराम्रो असर पर्दछ भन्ने कुनै उचित कारण देखिन आएमा त्यस्तो भेटघाट गर्न वा संगै बस्नलाई अदालतले रोक्न समेत सक्दछ। यस्तो भेटघाट गर्दा वा संगै बस्ने कुरामा बाबुआमाको कुरा नमिलेमा अदालतले भेट्ने समय वा पटक तोकिदिनु पर्दछ। यसरी बाबु वा आमासंग भेट गर्दा वा केही बेर संगै बस्दा बालकको अहित हुन्छ भनी त्यस्तो भेटघाट गर्न वा केही वेर संगै बस्न रोक लगाउन बाबु वा आमाले त्यसको कारण खुलाई बाल अदालतमा र सो को स्थापना नभएसम्म सम्वन्धित जिल्ला अदालतमा निवेदन दिन सक्दछन्। कुनै अदालतमा यस्तो किसिमको निवेदन पर्न आएको

रहेछ भने त्यस अदालतले सो सम्वन्धमा आवश्यक जाँचबुझ गरी वालकलाई उसका वावु आमासंग भेट्न पाउने भए भेट्ने पटक वा संगै वस्न दिनु पर्ने समय तोकिदिने र भेटघाट गर्न वा संगै वस्न नहुने भए त्यसै अनुसारको आदेश दिन सक्दछ। अदालतले गरेको यस्तो आदेश सम्वन्धित वावु आमाले अनिवार्य रूपले मान्नु पर्दछ।

७. कानून अनुसार कसैले धर्मपुत्र वा धर्मपुत्री राखेको रहेछ भने त्यस्तो धर्मपुत्र वा धर्मपुत्रीले चाहेमा तिनीहरूलाई जन्माउने वावुआमासंग वेलावेलामा भेट्न र चिठीपत्र पठाउन पाउने अधिकार हुन्छ।

८. बालबालिकाको सम्वन्धमा कुनै काम कारवाही गर्दा वा लिखत गर्दा कानून अनुसार वावु र बाजेको नाम लेख्नु पर्नेमा वावु र वाजे पत्ता नलागेको अवस्थामा आमा र आमाको वावुको नाम लेख्न सकिन्छ। तर वावु र आमा दुवै नै पत्ता लगाउन सकिएन भने उसलाई पाल्ने व्यक्ति वा संस्थाले वावु आमा पत्ता नलागेको भनी लेखिदिएमा बावु, आमा वा बाजेको नाम नलेखे पनि हुन्छ।

९. बालबालिकाले कुनै अपराध गरेको छ भने उसलाई यस्तो किसिमको सजाय हुन्छ :

(क) १० वर्ष मुनिका बालकले कुनै अपराध गरेमा उसलाई कुनै किसिमको सजाय हुदैन।

(ख) १० भन्दा माथी र १४ वर्ष मुनिका बालबालिकाले जरिवाना हुने किसिमको मात्र अपराध गरेमा हप्काउने अथवा सम्झाउनु वुझाउनु पर्दछ र थुनामा पर्ने किसिमको अपराध गर्दा ६ महिनासम्म कैद हुन्छ।

(ग) १४ वर्ष भन्दा माथि र १६ वर्ष मुनिका वालबालिकाले अपराध गरेमा उमेर पुगेका मानिसलाई हुने सजायको आधा सजाय हुन्छ।

(घ) बालबालिकालाई कसैले सिकाएर अपराध गराउन लगाएको रहेछ भने त्यो सिकाउने व्यक्तिलाई उसले नै अपराध गरे सरह मानी पुरै सजाय हुन्छ।

१०. कुनै व्यक्तिले आफू सानो हुँदा कुनै अपराध गरेको कारणले मात्र कुनै काम गर्न अयोग्य रहेछ भने पनि वाल्य अवस्थामा गरेको अपराधवाट उसलाई अयोग्य मान्न

मिल्दैन। बाल्य अवस्थामा गरेको अपराधलाई पटकको रूपमा गन्ति गर्न पनि हुदैन। त्यस्तै कुनै बालकले एउटै अपराध एक पल्ट भन्द वढी गरेको रहेछ भने पनि धेरै पटक गरेको आधारमा थप सजाय गर्न पाइदैन।

११. कुनै पनि बालकलाई भिक्षा माग्ने काममा लगाउन हुदैन। तर धार्मिक वा सांस्कृतिक कामको लागी मात्र परम्परादेखि यस्तो चलन गर्दै आएका रहेछन् भने चाहि भिक्षा माग्ने काममा लगाउन पाइन्छ। त्यस्तै कुनै पनि बालबालिकालाई जोगी वा माग्ने अथवा साधु बनाउन भनेर मुड्न हुदैन। यदि कुनै बालकलाई यस्तो कार्यमा लगाइएको रहेछ भने उसले चाहेमा त्यस्तो काम छोडेर फेरी आफ्नो परिवारमा फर्किन पनि सक्दछ र कसैले कुनै बालबलिकालाई यस्तो कार्यमा लगाएमा वा यस्तो काम गर्न उक्साए वा उद्योग गरेमा निजलाई तिन हजार रूपैयासम्म जरिवाना वा तिन महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ।

१२. देवी देवताको नाउमा बालबालिकालाई चढाउन नहुने :

(क) कसैले पनि आफ्ना वा अरू कसैका बालबालिकालाई किनेर वा फकाएर वा डर धाक धम्की दिएर वा कुनै लोभ देखाएर त्यसबाट कुनै फाइदा पाउने उद्देश्य राखेर देवी देवताको लागी भनेर चढाउन हुदैन।

(ख) यस्तो कामको लागि पैसा लिएर आफ्ना बालबालिकालाई बेच्न वा त्यसै दिन पनि हुदैन।

(ग) त्यस्तै कुनै पनि मन्दिरमा वस्ने पुजारी, धामी, पण्डा वा मुखियाले बालबालिकालाई चढाउनको लागी कसैलाई पनि उक्साउन हुदैन र कसैले चढाउन ल्याउछ भने त्यस्तो चढाउदा गर्नु पर्ने धार्मिक काम आफूले पनि गर्नु हुदैन र अरूलाई पनि गर्न दिनु हुदैन।

(घ) कुनै बालकबालिकालाई मन्दिरमा चढाएको रहेछ भने पनि उसका बाबुआमा अथवा नातेदार जो छन् उसैले आफूसंगै लगि राम्रो संग स्याहार संभार गर्ने, पढाउने लेखाउने साथै औषधी उपचार समेत गर्नु पर्दछ। तर कसैले यी कुराहरूको विरूद्धमा काम गरेमा वा सो गर्न कसैलाई उक्साएमा, सघाएमा वा उद्योग गरेमा पाँच हजार रूपैया सम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै

सजाय हुन सक्दछ। कुनै रकम लिई बालबालिकालाई बेचेको प्रमाणित भएमा उक्त रकम जफत गरिन्छ र सो रकम जफत नभएमा सो वापत थप वढीमा दुइ वर्षसम्म कैद हुन सक्दछ।

१३. कठोर सजाय दिन नहुने

कुनै पनि बालबालिकालाई हतकडी लगाउन, सुनसान ठाउँमा थुनामा राख्न हुदैन। बालबालिकाले कुनै अपराध गरी थुनामा बस्नु पर्ने रहेछ भने पनि उमेर पुगेका कैदी संग





राख्नु हुदैन। कसैले यसको विपरित कार्य गरेमा पाँच हजार रूपैयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन सक्दछ। क्रूर यातनापूर्ण व्यवहार गरेकोमा आवश्यक क्षतिपूर्ति भराईदिन सक्नेछ।

१४. अनैतिक पेशामा लगाउन हुदैन :

कसैले पनि कुनै पनि बालबालिकालाई नराम्रो काममा लगाउन वा नराम्रो काम गर्नलाई प्रोत्साहित गर्नु हुदैन। यस्तो नराम्रो काममा लगाउनको लागि उसको फोटो खिच्न, खिचाउन तथा त्यस्तो फोटो बाड्न वा प्रदर्शन गर्न हुदैन। त्यस्तै कुनै बालबालिकाको व्यक्तित्वमा नराम्रो असर पर्ने गरी उसको व्यक्तिगत कुराहरू र उस्को फोटो छाप्न अथवा प्रदर्शन गर्न हुदैन। त्यस्तै नशा लाग्ने वस्तुहरू जस्तै : लागु औषध, मादक पदार्थ आदि बस्तुहरू बेच बिखन गर्न अथवा ओसार पसार गर्ने काममा लगाउन हुदैन। कसैले यसको विपरित काम गरेमा, यस्तो कार्य गर्न उक्साएमा वा उद्योग गरेमा दश हजार रूपैयासम्म जरिवाना वा एक

वर्षसम्म कैद वा दुवै सजाय हुन सक्दछ। कसैले लागु औषध, मादक पदार्थ त्यस्तै अन्य नशालु पदार्थ ओसार पसार गरेमा वा बेच बिखन गरेमा उसलाई अघिको सजायमा थप पाँच वर्षसम्मको सजाय पनि हुन सक्दछ। यस देखि बाहेक यस्तो काम गरेको कारणबाट कुनै बालबालिकाको चरित्र वा स्वास्थ्यमा नराम्रो असर परेमा वा अंगभंग भएमा भएको क्षति वमोजिमको उचित क्षतिपूर्ति समेत अदालतले भराई दिन सक्दछ।

१५. कलिला बालबालिकालाई काममा लगाउन हुदैन :

१४ वर्ष मुनिका बालबालिकालाई मजदुरी गर्ने काममा लगाउन हुदैन। १४ वर्ष माथिका बालबालिकालाई राति ६ बजेदेखि विहान ६ बजेसम्म मजदुरीको रूपमा काममा लगाउन हुदैन। कुनै पनि बालबालिकाले मजदुरीमा काममा लगाउन सकिने रहेछ भनेपनि उसको इच्छा विपरित काममा लगाउन हुदैन। उसलाई मजदूर रूपमा काममा लगाउने व्यक्ति वा संस्थाले बालबालिका सम्बन्धी नियमावली, २०५१ को अनुसुची ३ अनुसारको ढाँचामा विवरण बनाई जिल्ला बाल कल्याण समितिमा पठाउनु पर्दछ। यसरी आफू समक्ष आएको विवरणको एक प्रति सो समितिले श्रम कार्यालयमा पठाउनु पर्दछ। त्यस्तै यसरी मजदुरीको रूपमा काममा लगाइका बालबालिकालाई कुनै किसिमको भेदभाव नगरी समान रूपमा ज्याला दिनु पर्दछ। कसैले यस वमोजिम काम नगरेमा वा यस्तो काम गर्न कसैलाई उक्साएमा वा उद्योग गरेमा त्यस्ता व्यक्तिलाई तिन हजार रूपैयासम्म जरिवाना वा तिन महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ। यस देखि बाहेक यस्तो काम गरेको कारणबाट कुनै बालबालिकाको चरित्र वा स्वास्थ्यमा नराम्रो असर परेमा वा अंगभंग भएमा भएको क्षतिको आधारमा उचित क्षतिपूर्ति समेत अदालतले भराई दिन सक्दछ।

१६. खतरनाक काममा लगाउन नहुने

कुनैपनि बालबालिकालाई काममा लगाउदा उसको स्वास्थ्य र शरीरमा असर पर्ने किसिमको काममा लगाउन हुदैन। कसैले यसको विरूद्धमा काम गरेमा वा यस्तो काम गर्न कसैलाई उक्साएमा वा उद्योग गरेमा त्यस्ता व्यक्तिलाई तिन हजार रूपैयासम्म जरिवाना वा तिन महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ। यस देखि बाहेक यस्तो काम गरेको कारणबाट कुनै बालबालिकाको चरित्र वा स्वास्थ्यमा नराम्रो असर परेमा वा अंगभंग भएमा सो वमोजिमको उचित क्षतिपूर्ति समेत अदालतले भराई दिन सक्दछ।

१७. कानून व्यवसायी नभएका बालकको मुद्दाको कारवाई किनारा नहुने

कुनै पनि बालकलाई फौजदारी अभियोग लागेको छ र उसको तर्फवाट वहस पैरवी गर्ने कानून व्यवसायी नभएमा अदालतले मुद्दाको किनारा गर्दैन। यस्ता बालबालिकाको सम्बन्धमा सरकारले नै कानून व्यवसायीको सेवा उपलव्ध गराइदिनु पर्दछ।

१८. हकको प्रचलन

माथि उल्लेख गरिएको बालबलिकाका कुनै अथवा सवै हक अधिकारहरूको उल्लंघन भयो भने उनीहरूको तर्फबाट जो सुकैले पनि बालक बसेको ठाउँको अड्डा अदालतमा निवेदन दिन सक्दछ। यस्तो निवेदन पर्न आएको छ भने अदालतले पनि आवश्यक कानूनी कारवाही गरी हकको प्रचलन गराउन सक्नेछ। तर बालबालिकालाई भेट्ने अथवा बसाईमा रोक लगाउने बिषयमा भने उसका बाबु आमाको निवेदनलाई मात्रै मान्यता दिइन्छ। बालबालिकाहरूको हक अधिकारमा कसैले हानि नोक्सानी पुऱ्याएमा अदालतले आवश्यक क्षतिपूर्ति भराइदिन सक्दछ।

परिच्छेद - दुई

बालकको संरक्षण र संरक्षकको व्यवस्था

आमा बाबु, परिवार वा नातेदार कोही पनि नभएका बालबालिकाको हेरचार गर्नको लागि संरक्षक नियुक्ति गर्दा तथा तिनीहरूको सम्पत्तिको सुरक्षा गर्ने सम्बन्धमा भएको कानूनी व्यवस्थाहरू यस प्रकारका छन -

१. परिबार नहुने बालबालिकाको हेरचार र तिनीहरुको सम्पत्तिको सुरक्षा सम्बन्धी व्यवस्था

कुनै बालबालिकाको हेरचार गर्न उसका वावुआमा, परिवार अथवा नजिकको नातेदार कोही पनि छैनन् भन्ने जानकारी आएमा बाल कल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीले त्यस्ता कोही नहुने बालबलिकाहरूको पालन पोषणको लागि नजिकको बाल कल्याण गृहमा राखिदिने व्यवस्था गरिदिनु पर्दछ। यस्ता बालबालिकाको कुनै सम्पत्ति रहेछ भने बाल कल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीले त्यस्तो सम्पत्तिको विवरण बनाई

उसको पालन पोषण गर्ने व्यक्ति वा संस्थालाई जिम्मा लगाई दिनु पर्दछ। यसरी सम्पत्ति जिम्मा लगाउदा ज़िम्मा लिने व्यक्ति वा संस्थाबाट कागज गराउनु पर्दछ। यसरी जिम्मा नलगाउन्जेलसम्म सो सम्पत्तिको संरक्षण बाल कल्याण अधिकारी अथवा प्रमुख जिल्ला अधिकारीले नै गर्नु पर्दछ। यस्तो सम्पत्ति उसलाई पाल्ने व्यक्ति वा संस्थाले त्यही बालकको स्याहार संभार, औषधि उपचारको साथै पढाइ लेखाइमा खर्च गर्न सकिनेछ।

२. संरक्षकको नियुक्ति गर्ने सम्बन्धी व्यवस्था

आमा बाबु अथवा नजिकको नातेदार कोही पनि नभएका वा भएपनि कुनै कारणवस स्याहार संभार तथा हेरविचार गर्न नसक्ने रहेछन् भने बाल कल्याण अधिकारीले उचित व्यक्तिलाई त्यस बालकको संरक्षक नियुक्ति गर्न सक्दछ। यसरी संरक्षक नियुक्त गर्दा सकेसम्म नजिकको नाता पर्ने व्यक्तिलाई नियुक्त गर्नु पर्दछ। तर यस्ता नजिकका नातेदारहरूसंग त्यस बालकको झै-झगडा वा कुनै किसिमको रिसइवी रहेछ भने अन्य कुनै उपयुक्त व्यक्तिलाई संरक्षक नियुक्त गर्न सक्दछ। यसरी संरक्षक नियुक्ति गर्दा उसको मंजुरी लिनु पर्दछ। तर यस्ता व्यक्ति संरक्षक हुन सक्दैनन् -

(क) मानसिक रोग लागेको,

(ख) २५ वर्ष उमेर पुरा नभएको

(ग) संरक्षकबाट हटाइएको,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अपराधमा सजाय पाएको वा

(ङ.) दामासाहिमा परेको व्यक्ति।

बालबालिकाको संरक्षणको लागि कुनै उपयुक्त व्यक्ति फेला नपरेमा त्यस्ता बालबालिकालाई बाल कल्याण अधिकारीले कुनै बाल कल्याण गृहमा राख्ने व्यवस्था मिलाउनु पर्दछ। बालबालिकालाई संरक्षक वा बाल कल्याण गृहको जिम्मा लगाउदा उसको कुनै सम्पत्ति रहेछ भने सो सम्पत्ति समेत जिम्मा लगाइ त्यसको विवरण बनाइ एक प्रति जिम्मा लिनेलाई बुझाउने र एक प्रति आफ्नो कार्यालयमा राख्नु पर्दछ।

३. बालबालिकाको हित तथा सम्पत्तिको संरक्षण गर्ने सम्बन्धी व्यवस्था

संरक्षकको मुख्य दायित्व बालबालिकाको हक हितको रेखदेख तथा संरक्षण गर्नुहो। यसका अतिरिक्त संरक्षकले बालबालिकाका सम्बन्धमा निम्न कुराहरूको विशेष ख्याल

राख्नु पर्दछ –

(१) बालबालिकाको शारीरिक र मानसिक विकास हुने किसिमले राम्रो संग स्याहार संभार गर्नु पर्दछ।

(२) उनीहरूको बौद्धिक क्षमतामा विकास हुने किसिमले शिक्षा दीक्षा दिने व्यवस्था गर्नु पर्दछ।

(३) बालबालिकालाई खराब आदत वा संगतमा पर्न नदिने किसिमको व्यवस्था गर्नु पर्दछ।

(४) बालबालिकाको सम्पत्तिको सम्पूर्ण हिसाब किताप राख्ने र त्यस्को संरक्षण गर्नु पर्दछ।

कुनै बालबालिकाको सम्पत्ति वा आम्दानी अरू कसैले खाएको रहेछ वा रोक्का राखेको रहेछ भने त्यस्तो सम्पत्ति असुल उपर गर्न र रोक्का रहेको सम्पत्ति फुकुवा गर्नको लागि संरक्षकले बालबालिकाको तर्फबाट अड्डा अदालतमा गर्नु पर्ने सम्पूर्ण क़ानूनी कारवाहीहरू गर्न सक्दछ। तर कसैले यसको विपरित काम गरेमा निजलाई तिन हजार रूपैया सम्म जरिवाना वा तिन महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

४. संरक्षकले गर्न सक्ने काम सम्बन्धी व्यवस्था

संरक्षकले आफ्ना जिम्मामा रहेका बालबालिकालाई स्याहार संभार गर्न, शिक्षा दीक्षा दिन वा औषधी उपचार गर्नको लागि चाहिने रकम जुटाउनको लागि बालकको कुनै अचल सम्पत्ति छ भने सो सम्पत्ति कसैलाई कमाउन वा बाहालमा दिइ रकम जुटाउन हुन्छ। तर कसैले यसको विपरित काम गरेमा निजलाई तिन हजार रूपैयाँ सम्म जरिवाना वा तिन महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

५. संरक्षकले गर्न नहुने काम सम्बन्धी व्यवस्था

संरक्षकले बालबालिकाको शारीरिक क्षमता भन्दा बढी काम लगाउनु हुदैन। उनीहरूको धर्म वा संस्कृतिमा असर पर्ने गरी कुनै पनि काममा लगाउन अथवा त्यस्तो कामको लागि उस्को सम्पत्ति प्रयोग गर्न कसैलाई बेच बिखन गर्न पनि हुदैन। कसैले यसको विपरित काम गरेमा निजलाई तिन हजार रूपैया सम्म जरिवाना वा तिन महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

६. प्रतिवेदन पेश गर्नु पर्ने सम्बन्धी व्यवस्था

संरक्षकले बालबालिकाको स्याहार संभार गर्दा, शिक्षा दीक्षा वा औषधी उपचार गर्दा आफ्नो तर्फबाट गरेको खर्च तथा बालकको सम्पत्तिवाट भएको आम्दानी र त्यसबाट भएको खर्च समेतको सम्पूर्ण हिसाबको विवरण प्रत्येक बर्ष बैशाख मसान्तसम्म बाल कल्याण अधिकारीलाई बुझाउनु पर्दछ। यसरी पेश भएको विवरण ठिक छ छैन जाच्नको लागि बाल कल्याण अधिकारीले उस्को सम्पत्ति भएको ठाउँको निरीक्षण गर्न वा बालकलाई आफू समक्ष बोलाई आवश्यक कुराहरू सोधपुछ गर्न समेत हुन्छ। कसैले यसको विपरित काम गरेमा छ हजार रूपैयासम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन्छ र तिर्नु बुझाउनु पर्ने सम्पत्ति समेत असुल उपर गरिनेछ।

७. अनुमति लिएर अवकाश लिन सकिने व्यवस्था

कुनै संरक्षकले आफूले जिम्मा लिएको काम पुरा गर्न नसक्ने भै संरक्षकत्वबाट हट्न चाहेमा त्यसको कारण लेखेर १ महिना अगाडि नै बाल कल्याण अधिकारी समक्ष निवेदन दिनु पर्दछ। यसरी निवेदन दिदां संरक्षकले बालबालिकाको सम्पत्ति र निवेदन दिएको दिनसम्मको खर्चको हिसाव किताबको सम्पूर्ण विवरण पनि बुझाउनु पर्दछ। यसरी आफू समक्ष पर्न आएको निवेदनमा लेखिएको कुरा उचित लागेमा बाल कल्याण अधिकारीले संरक्षकको जिम्मामा रहेको सम्पत्ति कुनै व्यक्ति वा कार्यालयलाई बुझाउन लगाई उसलाई अवकास दिन सक्दछ।

८. संरक्षकलाई हटाउन सकिने अवस्थाहरु

माथि ३, ४ र ५ नम्बरमा लेखिएको कुराको विपरित कुनै काम गरेमा वा ६ नम्वर अनुसार विवरण पेश गर्दा झूठ्ठा विवरण पेश गरेमा बाल कल्याण अधिकारीले उनलाई संरक्षकबाट हटाउन सक्दछन्।

९. अर्को संरक्षक नियुक्त गर्न सकिने अवस्था

कुनै संरक्षक मरेमा वा कुनै कारणले गर्दा कानून बमोजिम संरक्षकबाट हटेमा वा हटाइएमा बाल कल्याण अधिकारीले अर्को संरक्षक नियुक्ती गर्न सक्दछ। कसैले यसको विपरित काम गरेमा छ हजार रूपैयासम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन्छ र तिर्नु बुझाउनु पर्ने सम्पत्ति समेत असुल उपर गरिनेछ।

१०. आयस्ता नहुने बालबालिकाको पालन पोषण गर्ने सम्बन्धी व्यवस्था

संरक्षकको जिम्मामा रहेका कुनै बालबालिकाको कुनै सम्पत्ति वा आयश्रोत केही पनि नभएको कारणबाट उसको पालन पोषण राम्रोसंग हुन सकिरहेको छैन भने सरकारले त्यस्ता बालबालिकाको सम्बन्धमा सक्दो सहयोग गर्नु पर्दछ। तर सरकार पनि सहायता दिन नसक्ने अवस्थामा रहेछ भने त्यस्ता बालबालिकालाई नजिकैको बाल कल्याण गृहलाई जिम्मा लगाई दिनु पर्दछ। यसरी बालबालिकालाई बाल कल्याण गृहमा जिम्मा लगाई सकेपछि उनीहरू प्रति संरक्षकको दायित्व पूरा हुन्छ।

११. संरक्षकले पारिश्रमिक पाउने सम्बन्धी व्यवस्था

बालबालिकाको सम्पत्ति र आम्दानी अनुसार बाल कल्याण अधिकारीले संरक्षकको तलब तोकिदिन सक्दछन्। संरक्षकले बालबालिकाको तर्फबाट कुनै काम कारवाही गर्दा, पालन पोषण गर्दा, पढाउदा लेखाउदा वा औषधि उपचार गर्दा आफ्नो तर्फबाट कुनै खर्च गरेको रहेछ भने त्यस्तो खर्च समेत लिन सक्दछ।

परिच्छेद - तिन

कल्याणकारी व्यवस्था

श्री ५ को सरकारले बाल बालिकाका लागि गर्ने कल्याणकारी व्यवस्था अन्तर्गत निम्न किसिमका समिति वा निकाय गठन गर्न सक्ने छ -

१. बाल कल्याण समिति
२. बाल कल्याण अधिकारी
३. बाल कल्याण गृह
४. बाल सुधार गृह
५. सुस्तमनस्थिति केन्द्र,
६. अनाथालय,
७. व्यवस्थापन समिति
८. बाल कल्याण सम्बन्धी अन्य व्यवस्थाहरू

१. बाल कल्याण समिति

बाल कल्याण समिति निम्न दुई तहमा रहने व्यवस्था गरिएको छ -

(क) केन्द्रीय बाल कल्याण समिति

(ख) जिल्ला बाल कल्याण समिति

(क) केन्द्रीय बाल कल्याण समिति

श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सामाजिक सेवामा लागेका कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, डाक्टरहरू, बाल मनोबैज्ञानिकहरू तथा शिक्षकहरू समेत सदस्य हुने गरी बढीमा २१ जना सदस्य भएको एउटा केन्द्रीय बाल कल्याण समितिको गठन गर्न सक्तछ। सो समितिको अध्यक्ष र सदस्यको नाम सोही सूचनामा लेखिए अनुसार हुन्छ। सो समितिमा काम गर्ने व्यक्तिहरू ४ वर्षको लागि नियुक्त हुन्छन् र यो समय सकिएपछि पुनः नियुक्त हुन पनि सक्दछन्। सो समितिको कार्यालय र कर्मचारीको व्यवस्था मन्त्रालयले गर्दछ। यिनीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधाहरू मन्त्रालयको स्वीकृति लिएर केन्द्रीय बाल कल्याण समितिले तोकिदिन्छ।

१. समितिको काम, कर्तव्य र अधिकार – केन्द्रीय बाल कल्याण समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम निर्धारण गरिएका छन :

श्री ५ को सरकारले स्थापना गरेको बाल कल्याण समितिले दिएको नीति निर्देशनको आधारमा बालबालिकाका हक अधिकारको संरक्षण गर्नुका साथै उनीहरूको शारीरिक र मानसिक विकासका लागि दीर्घकालीन राष्ट्रिय नीति र योजना बनाई श्री ५ को सरकारलाई बुझाउनु पर्दछ। यस्तो नीति र योजना श्री ५ को सरकारले स्वीकृत गरिसकेपछि यो संग सरोकार भएको मन्त्रालय वा निकायद्वारा लागु गर्नु गराउनु पर्दछ। बालबालिकाका हक हितको लागि बनाइएका विभिन्न योजनाहरू तथा कार्यक्रमहरू लागु गर्न चाहिने आर्थिक श्रोत जुटाउनको लागि आवश्यक नीति नियम तथा कार्यक्रमहरू बनाउनु पर्दछ। विभिन्न जिल्लामा स्थापना भएको जिल्ला विकास समिति र व्यवस्थापन समितिलाई सल्लाह तथा निर्देशन दिनु पर्दछ। जिल्ला बाल कल्याण समितको बार्षिक कामको उन्नति तथा प्रगतिको लेखा जोखा राख्नु वा मूल्यांकन गर्नु पर्दछ। नेपाल अधिराज्य भित्र स्थापना भएका सबै बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय, सुस्त मनस्थिति केन्द्रको साथै यस्तै किसिमका अरू कुनै गृह वा केन्द्र भएमा त्यसको समेत क्षमता तथा सुविधाको तथ्यांक जम्मा गरेर राख्नु पर्दछ। कुनै पनि व्यक्ति वा संस्थालाई बालबालिकाका हक हितको निम्ति

वाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको स्थापना गर्न प्रेरित गर्नुको साथै सकेको सहयोग गर्नु पर्दछ। जिल्लामा थुनामा रहेका, मजदुरको रूपमा काम गर्ने बालबालिका र सुस्त मनस्थिति भएका बालबालिकाहरूको बेग्ला बेग्लै तथ्यांकहरू जम्मा गरेर सम्वन्धित जिल्लाको वाल कल्याण गृहमा राख्न लगाई त्यसको राष्ट्रिय अभिलेख तयार गरेर राख्नु पर्दछ। बालबालिकालाई मजदुरको रूपमा काममा लगाउने, सानो उमेरमा विवाह गरिदिने, साथै बालबालिकालाई देवी देवताको लागि भनेर चढाईने चलनको समाप्ती गर्नका लागि विभिन्न किसिमका उपायहरू पत्ता लगाउने र यस्ता उपायहरू कार्यान्वयन गराउन यस संग सम्वद्ध सरकारी तथा गैर सरकारी संघ संस्थाहरूलाई प्रेरणा दिनुको साथै सहयोग समेत गर्नु पर्दछ। कानूनको अधीनमा रही श्री ५ को सरकारको स्वीकृती लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरूलाई बालबालिकाको संरक्षण तथा विकासको लागि कल्याणकारी कार्यक्रम चलाउन प्रेरणा दिने र सकेको मद्दत समेत गर्नु पर्दछ। बालबालिकको हक हितको लागी भएका विभिन्न अन्तराष्ट्रिय महासन्धि वा घोषणापत्र लगायत हाम्रो देशको कानूनले व्यवस्था गरेको बालबालिकाका हक अधिकारको प्रचार प्रसार गर्नु पर्दछ। साथै यस्तो कार्यमा लागेका व्यक्ति तथा संघ संस्थाहरूलाई सहयोग गर्नु पर्दछ। वालवालिकको हक हितको सुरक्षाको साथै उनीहरूको शारीरिक र मानसिक विकास गर्नको लागि आवश्यक हुने अरू कामहरू गर्नु पर्दछ।

२. निरीक्षण सम्बन्धी व्यवस्था

यस समितिले नेपाल अधिराज्य भित्र खोलिएका बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रको जुनसुकै बेलामा पनि जाँच गर्न सक्दछ। यसको साथै यस समितिले निम्न कुराहरूको पनि निरीक्षण गर्नु पर्दछ :

१. बालबालिकालाई नियमित रूपमा दिनु पर्ने शिक्षा तथा तालिमहरू दिइएको छ कि छैन,
२. बालबालिकाहरूलाई कानूनले व्यवस्था गरिदिएका सुविधाहरू दिइएको छ कि छैन,
३. बालबालिकाहरूलाई खेलकूद, मनोरन्जन तथा सांस्कृतिक कार्यक्रमको साथै अरू यस्तै किसिमका कार्यक्रममा भाग लिन लगाइएको छ कि छैन,
४. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्तमनस्थिति केन्द्रमा अनुशासन विपरित हुने किसिमले कुनै नराम्रा कार्यहरू भएको छ कि छैन,

५. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्तमनिस्थति केन्द्रको व्यवस्थापन वा त्यहाँ बस्ने बालबालिकाद्वारा ऐन कानून अनुसार गर्नु पर्ने कुराहरूको पालना गरिएका छन् कि छैनन् आदि।

यी सबै कुराहरूको निरीक्षण गर्ने व्यक्तिले निरीक्षण गर्दा आफूले देखेका कुराहरू, समस्या र त्यस्ता समस्याको कुनै समाधान गर्नको लागि कुनै सुझाव भए सो समेत लेखी निरीक्षण प्रतिवेदन बनाई केन्द्रीय बाल कल्याण समिति, जिल्ला बाल कल्याण समिति र सम्बन्धित व्यवस्थापन समितिमा पठाउनु पर्दछ।

३. उप-समिति वा कार्यटोली गठन गर्न सक्ने

केन्द्रीय बाल कल्याण समितिले गर्नु पर्ने काम कर्तव्य पुरा गर्न आवश्यक परेमा त्यही काम संग विशेष जानकारी भएको व्यक्ति तथा सामाजिक कार्यमा लागेका व्यक्तिहरू राखेर उप-समिति वा कार्यटोलीको निर्माण गर्न सक्दछ। यस्ता उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार केन्द्रीय बाल कल्याण समितिले निर्धारण गरिदिए अनुसार हुन्छ।

४. बैठक सम्बन्धी कार्यविधि

केन्द्रीय बाल कल्याण समितिको बैठक आवश्यक भए अनुसार यस केन्द्रको अध्यक्षले तोकेको मिति, समय र ठाँउमा बस्न सक्दछ। बैठक बस्नको लागि जम्मा सदस्यहरू मध्ये २५ प्रतिशत सदस्य उपस्थित हुन अनिवार्य हुन्छ। बैठकको अध्यक्षता यस कल्याण समितिको अध्यक्षले गर्दछन् र उनको उपस्थिति नभएमा सदस्यहरूले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ। यस्तो बैठकमा कुनै पनि कुरामा निर्णय गर्न बहुमतको रायलाई मानिन्छ तर मत बराबर भएर बहुमत आउन सकेन भने अध्यक्षको मतले निर्णय गर्दछ। यी देखी बाहेक बैठकमा गरिने काम कारवाहीहरू समिति आफैले तोके अनुसार हुन्छ।

६. कार्यकारी निर्देशक

समितिको प्रशासनको प्रमुखको रूपमा काम गर्न एक जना कार्यकारी निर्देशकको व्यवस्था गरिएको हुन्छ। बालबालिकाको हक हितको सम्बन्धमा काम कारवाही गरी अनुभव भएको व्यक्तिलाई कार्यकारी निर्देशक तोकिन्छ। यसरी नियुक्त भएको कार्यकारी निर्देशक ५ वर्षसम्म त्यो पदमा बस्न सक्छ र आवश्यक परेमा अरू ३ वर्ष थप पनि हुन

सक्दछ। कार्यकारी निर्देशकले समितिको सचिव भै काम गर्नेछ। उसको पारिश्रमिक, पाउने सुविधाको साथै अरू कुराहरू श्री ५ को सरकारले तोकिदिए अनुसार हुन्छ।

(क) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार

कार्यकारी निर्देशकले बालबालिकाको हक हितको सुरक्षा गर्न तथा उनीहरूको शारीरिक र मानसिक विकास गर्नको लागि विभिन्न नीति र योजना बनाउने काममा केन्द्रीय बाल कल्याण समितिलाई सहयोग गर्दछ। निर्देशकले श्री ५ को सरकारले बनाएको नीति र योजना अनुसार वर्षभरिको कार्यक्रम र बजेट बनाएर केन्द्रीय बाल कल्याण समितिको बैठकमा बुझाउनु पर्दछ। निर्देशकले केन्द्रीय बाल कल्याण समितिले गरेका आदेश तथा दिएका निर्देशनहरू लागु गर्नु र गराउनु पर्दछ। निर्देशकले केन्द्रीय बाल कल्याण समितिले वर्षभरि गरेका काम कारवाहीको मूल्यांकन गरी गराई त्यसको प्रगति विवरण समितिको बैठकमा बुझाउनु पर्दछ। निर्देशकले समितिको काम कारवाही चलाउनको लागि आवश्यक पर्ने श्रोतहरूको खोजी गर्ने र भेटिएका श्रोतहरूको उचित रूपले प्रयोग गर्नु पर्दछ। केन्द्रीय बाल कल्याण समितिको आर्थिक कारोवारको हिसाब किताप राम्रो राख्न लगाउनु पर्दछ। यी बाहेक केन्द्रीय बाल कल्याण समितिले दिएको आदेश निर्देशनको पालना गर्नु वा गराउनु पर्दछ।

५. बार्षिक प्रतिवेदन प्रकाशित गर्न सकिने :

केन्द्रीय बाल कल्याण समितिले कानून अनुसार श्री ५ को सरकारलाई पेश गरेको वर्षभरिको प्रतिवेदन श्री ५ को सरकारको मंजुरी लिई सार्वजनिक रूपमा प्रकाशित गर्न सक्दछ।

(ख) जिल्ला बाल कल्याण समिति

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रत्येक जिल्लामा जिल्ला बाल कल्याण समितिको निर्माण गरिन्छ। सो समिति सामाजिक कार्यकर्ताहरू, महिला सामाजिक कार्यकर्ता, डाक्टरहरू, बाल मनोबैज्ञानिक तथा शिक्षकहरू मिलेर गठन हुन्छ। सो समितिमा काम गर्ने व्यक्तिहरू ४ वर्षको लागि नियुक्त हुन्छन् र यो समय सकिएपछि पुनः नियुक्त हुन पनि सक्दछन्। सो समितिका सदस्यहरूले आफू मध्येबाट एक जना व्यक्तिलाई अध्यक्ष तोक्दछन् र अध्यक्ष नतोकिएसम्मको लागि प्रमुख जिल्ला अधिकारीले सो समितिको अध्यक्ष

भई काम गर्नु पर्दछ। सो समितिले आफ्ना जिल्लामा भएका बालबालिका सम्बन्धी सम्पूर्ण कृयाकलापहरूको बार्षिक प्रतिवेदन तयार गरी प्रत्येक बर्षको वैशाख मसान्तसम्ममा केन्द्रीय बाल कल्याण अधिकारी समक्ष बुझाउनु पर्दछ। यही प्रतिवेदनको आधारमा केन्द्रीय बाल कल्याण समितिले राष्ट्रिय प्रतिवेदन तयार गरेर आषाढ मसान्त सम्ममा श्री ५ को सरकारलाई बुझाउनु पर्दछ। सो समितिको कार्यालय र कर्मचारीको व्यवस्था मन्त्रालयले गर्दछ र यिनीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधाहरू मन्त्रालयको स्वीकृति लिएर केन्द्रीय बाल कल्याण समितिले तोकिदिन्छ।

१. समितिको काम, कर्तव्य र अधिकार

जिल्ला बाल कल्याण समितिको काम, कर्तव्य र अधिकारहरू निम्न बमोजिम निर्धारण गरिएका छन - बालबालिकको हक हितको सुरक्षा तथा उनीहरूको शारीरिक र मानसिक विकास गर्न जिल्ला स्तरको नीति तथा कार्यक्रम बनाएर केन्द्रीय बाल कल्याण समितिमा पठाउनु पर्दछ। यसरी बाल कल्याण समितिमा पठाएको नीति तथा कार्यक्रमहरू स्वीकृत भएमा सोही बमोजिम वार्षिक कार्यक्रम र बजेट बनाई काम गर्नु गराउनु पर्दछ। वार्षिक कार्यक्रम चलाउनको लागि आवश्यक भएमा जिल्लामा भएका श्रोतहरू खोज्ने र पाइएका श्रोतहरूको प्रयोग गर्नु पर्दछ। जिल्लाका थुनामा रहेका, आमाबाबु, नातेदार कोही पनि नभएका बेवारिसे, मजदुरको रूपमा काम गर्ने तथा सुस्त मनस्थिति भएका बालबालिकाहरूको तथ्यांक जम्मा गरेर त्यसको विवरण बनाइ एक प्रति आफ्नो कार्यालयमा र १ प्रति केन्द्रीय बाल कल्याण समितिमा पठाउनु पर्दछ। त्यस्तै जिल्लामा कुनै बालबालिकालाई मजदुरीको रूपमा काममा लगाइएको वा बालबालिकाको उमेरै नपुगी विवाह गरिदिएको (बाल विवाहभएको) रहेछ वा देवी देवताको नाममा चढाइएको छ भने त्यस्को तथ्यांकहरू जम्मा गरेर विवरण बनाई एक प्रति केन्द्रीय बाल कल्याण समितिमा पठाउनु पर्दछ। यस्तो किसिमका नराम्रा चलनहरू हटाउन जिल्लाका सामाजिक कार्यकर्ता तथा गन्ने मान्ने व्यक्तिहरूको सम्मेलन गराएर सुझाव संकलन गरी यस्ता नराम्रा चलन, परम्परा हटाउने काममा लागेका सामाजिक कार्यकर्ता तथा गैर सरकारी संघ संस्थाहरूलाई प्रेरण दिनुको साथै सहयोग गर्नु पर्दछ। जिल्ला भित्र काम गर्दै आएका बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय, सुस्तमनस्थिति केन्द्रको साथै अरू पनि कुनै यस्तै गृह वा केन्द्र भएमा त्यसको काम गर्ने क्षमता तथा दिएका सुविधाहरूको तथ्यांक जम्मा गरी त्यसको

विवरण बनाई एक प्रति केन्द्रीय बाल कल्याण समितिमा पठाउनु पर्दछ। विभिन्न व्यक्तिहरू वा सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको समेत मद्दत लिएर जिल्लामा रहेका बालबालिकाको हक हित लगायत उनीहरूको शारीरिक र मानसिक विकास हुने खालका कामहरू गर्ने र यस्ता काममा लागेका सामाजिक कार्यकर्ता तथा सरकारी तथा गैर सरकारी संघ संस्थाहरूलाई मद्दत गर्नु पर्दछ। जिल्लामा स्थापना भई काम गर्दै आएका बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको जाँच गर्न गराउनको लागि व्यवस्थापन समिति, बाल कल्याण गृह प्रमुखको साथै प्रशासकलाई समेत निर्देशन तथा सुझावहरू दिनु पर्दछ। त्यस्तै यस समितिले नेपाल अधिराज्य भित्र खोलिएका बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रको जुनसुकै बेलामा पनि जाँच गर्न सक्दछ।

२. निरीक्षण सम्बन्धी व्यवस्था

यस समितिले आफ्नो क्षेत्र भित्रको बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रको जहिलेसुकै पनि निरीक्षण गर्न गराउन सक्दछ। यसको साथै यस समितिले निम्न कुराहरूको पनि निरीक्षण गर्नु पर्दछ -

१. बालबालिकालाई नियमित रूपमा दिनु पर्ने शिक्षा तथा तालिमहरू दिइएको छ कि छैन,
२. बालबालिकाहरूलाई कानूनले व्यवस्था गरिदिएका सुविधाहरू दिइएको छ कि छैन,
३. बालबालिकाहरूलाई खेलकूद, मनोरन्जन तथा सांस्कृतिक कार्यक्रमको साथै अरू यस्तै किसिमका कार्यक्रममा भाग लिन लगाइएको छ कि छैन,
४. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्तमनस्थिति केन्द्रमा अनुशासन विपरित हुने किसिमले कुनै नराम्रा कामहरू भएको छ कि छैन,
५. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्तमनिस्थति केन्द्रको व्यवस्थापन वा त्यहां बस्ने बालबालिकाले ऐन कानून अनुसार गर्नु पर्ने कुराहरूको पालना गरेको छ कि छैन आदि।

यी सबै कुराहरूको निरीक्षण गर्ने व्यक्तिले निरीक्षण गर्दा आफूले देखेका कुराहरू, समस्या र त्यस्ता समस्याको कुनै समाधान गर्नको लागि कुनै सुझाव भए सो समेत लेखी निरीक्षण प्रतिवेदन बनाई केन्द्रीय बाल कल्याण समिति, जिल्ला बाल कल्याण समिति र सम्बन्धित व्यवस्थापन समितिमा पठाउनु पर्दछ।

३. उप-समिति वा कार्यटोली गठन गर्न सकिने व्यवस्था

जिल्ला बाल कल्याण समितिले आफूले गर्नु पर्ने कामहरू व्यवस्थित तरीकाले संचालन गर्नका लागि त्यस काममा विशेष ज्ञान प्राप्त व्यक्तिहरू र सामाजिक कार्यकर्ताहरू राखेर उप- समिति वा कार्यटोली बनाउन सक्दछ। यस्तो उपसमिति वा कार्यटोलीको काम. कर्तव्य र अधिकारहरू जिल्ला बाल कल्याण समितिले निर्धारण गरिदिन्छ।

४. बैठक सम्बन्धी व्यवस्था

जिल्ला बाल कल्याण समितिको बैठक आवश्यक भए अनुसार अध्यक्षले तोकेको मिति, समय र ठाउँमा बस्न सक्छ। यस्तो बैठक बस्नको लागि जम्मा सदस्यहरू मध्ये २५ प्रतिशत सदस्य उपस्थित हुनु पर्दछ। बैठकको अध्यक्षता यस कल्याण समितिको अध्यक्षले गर्नेछन् र उनको उपस्थिति नभएमा सदस्यहरूले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछन्। यो बैठकमा कुनै पनि कुरामा निर्णय गर्न बहुमतको रायलाई मानिन्छ तर मत बराबर भएर बहुमत आउन सकेन भने अध्यक्षको मतले निर्णय गर्दछ। यी बाहेक बैठकमा गरिने काम कारवाहीहरू समिति आफैले तोके अनुसार हुन्छ।

५. बार्षिक प्रतिवेदन प्रकाशित गर्न सकिने सम्वन्धी व्यवस्था

कानून बमोजिम जिल्ला बाल कल्याण समितिले केन्द्रीय बाल कल्याण समितिलाई पेश गरेको वर्षभरिको प्रतिवेदन केन्द्रीय बाल कल्याण समितिको स्वीकृति लिएर सार्वजनिक रूपमा प्रकाशित गर्न सक्दछ।

२. बाल कल्याण अधिकारी

श्री ५ को सरकारले आवश्यक भएको संख्यामा बाल कल्याण अधिकारीको नियुक्त गर्न सक्दछ। यस्तो अधिकारी नहुन्जेलसम्म श्री ५ को सरकारले कुनै अर्को व्यक्ति वा कर्मचारीलाई त्यस्तो अधिकार दिन सक्दछ। यसरी नियुक्त भएको बाल कल्याण अधिकारीले जिल्ला बाल कल्याण समितिको नीति निर्देशन र नियन्त्रणमा रहेर काम गर्नु पर्दछ।

(क) बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार- बाल कल्याण अधिकारीका काम कर्तव्य र अधिकार निम्न बमोजिम निर्धारण गरिएका छन :

जिल्लामा रहेका बालबालिकाको हक हित तथा उनीहरूको कल्याण हुने किसिमका योजना तथा कार्यक्रम बनाउने काममा जिल्ला बाल कल्याण समितिलाई सघाउनु पर्दछ। जिल्ला बाल कल्याण समितिले गरेका निर्णय तथा दिएको निर्देशनहरू लागु गर्नु वा गराउनु पर्दछ। जिल्ला बाल कल्याण समितिले गरेका काम कारवाहीको भित्री रूपले मूल्यांकन गराउने र त्यसबाट भएका प्रगतिहरूको विवरण बनाएर समितिको बैठक बसेको वेलामा पेश गर्नु पर्दछ। समितिको काम कारवाही चलाउनको लागि आवश्यक पर्ने श्रोतहरूको खोजी गर्ने र भेटिएका श्रोतहरूको उचित रूपले प्रयोग गर्नु पर्दछ। जिल्ला बाल कल्याण समितिले आर्थिक कारोवारको हिसाव किताप राम्रो राख्न लगाउनु पर्दछ। जिल्ला बाल कल्याण समितिको सचिवको रूपमा काम गर्नु पर्दछ।

(ख) निरीक्षण सम्बन्धी व्यवस्था

बाल कल्याण अधिकारीले आफ्नो क्षेत्रभित्रका बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रको जहिले सुकै पनि निरीक्षण गर्न गराउन सक्दछ। यसरी निरीक्षण गर्दा बर्षमा कम्तिमा पनि २ पटक जाँचबुझ गरी त्यसको प्रतिवेदन जिल्ला वाल कल्याण समितिमा पठाउनु पर्दछ। यसरी जाँचबुझ गर्दा कानून विपरित कुनै काम कारवाही भएको देखेमा सो पनि प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ। त्यस्तै अधिकारीले कुनै वाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रहरूमा कुनै नियम विपरित कुनै काम भएको देखेमा सुधारको लागि आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो आदेश सम्बन्धित केन्द्रको प्रमुखले पालना गर्नु पर्दछ। यसको साथै बाल कल्याण अधिकारीले निम्न कुराहरूको पनि निरीक्षण गर्नु पर्दछ –

१. बालबालिकालाई नियमित रूपमा दिनु पर्ने शिक्षा तथा तालिमहरू दिइएको छ कि छैन,
२. बालबालिकाहरूलाई कानूनले व्यवस्था गरिदिएका सुविधाहरू दिइएको छ कि छैन,
३. बालबालिकाहरूलाई खेलकूद मनोरन्जन तथा सांस्कृतिक कार्यक्रमको साथै अरू यस्तै किसिमका कार्यक्रममा भाग लिन लगाइएको छ कि छैन,
४. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्तमनस्थिति केन्द्रमा अनुशासन विपरित हुने किसिमले कुनै नराम्रा कामहरू भएको छ कि छैन,
५. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रको

व्यवस्थापन वा त्यहां वस्ने बालबालिकाले ऐन कानून अनुसार गर्नु पर्ने कुराहरूको पालना भएको छ कि छैन आदि।

यी सबै कुराहरूको निरीक्षण गर्ने व्यक्तिले निरीक्षण गर्दा आफूले देखेका कुराहरू, समस्या र त्यस्ता समस्याको कुनै समाधान गर्नको लागि कुनै सुझाव भए सो समेत लेखी निरीक्षण प्रतिवेदन .बनाई केन्द्रीय बाल कल्याण समिति, जिल्ला बाल कल्याण समिति र सम्बन्धित व्यवस्थापन समितिमा पठाउनु पर्दछ। त्यस्तै जिल्ला बाल कल्याण समितिले दिएको आदेश निर्देशनको पालना गर्नु वा गराउनु पर्दछ। यस देखि बाहेक बाल कल्याण अधिकारीले गर्नु पर्ने कामहरू तथा उसले पाउने सुविधाहरू मन्त्रालयको स्वीकृत लिएर केन्द्रीय बाल कल्याण अधिकारीले तोकिदिए अनुसार हुन्छ।

३. बाल कल्याण गृह

श्री ५ को सरकारले अवश्यकता अनुसार नेपाल अधिराज्यका विभिन्न ठाउँमा बाल कल्याण गृहको स्थापना गर्न सक्दछ। यस्तो कल्याण गृह स्थापना नहुन्जेल सम्मको लागि श्री ५ को सरकारले कुनै व्यक्ति वा संस्थाले चलाइरहेको बाल कल्याण गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रलाई बाल कल्याण गृहको रूपमा प्रयोग गर्न सक्दछ। तर यस्तो गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रमा श्री ५ को सरकारले हस्तक्षेप भने गर्न पाउदैन। यस कल्याण गृहले बालबालिकाका सम्बन्धमा निम्न बमोजिमका कृयाकलापहरू गर्ने व्यवस्था गरिएको छ –

(क) बाल कल्याण गृह प्रमुख

मन्त्रालयले बाल कल्याण गृहको प्रमुखको पदमा कुनै व्यक्तिलाई बाल कल्याण गृह प्रमुख नियुक्त गर्न सक्तछ। यसरी नियुक्त भएको गृह प्रमुखले पाउने पारिश्रमिक, सुविधा तथा उसले गर्नु पर्ने काम कारवाहीहरू मन्त्रालयको स्वीकृति लिई केन्द्रीय बाल कल्याण समितिले तोकिदिए अनुसार हुन्छ।

(१) बाल कल्याण गृह प्रमुखको काम, कर्तव्य र अधिकार

बाल कल्याण गृह प्रमुखको काम, कर्तव्य र अधिकार निम्न बमोजिम निर्धारण गरिएका छन –

गृहको प्रमुखले बाल कल्याण गृहको नीति र योजना बनाउदा व्यवस्थापन समितिलाई

सहयोग गर्नु पर्दछ। यसरी बनाइएका नीति र योजना स्वीकृत भएपछि सोही अनुसार बाल कल्याण गृहको वर्षभरिको कार्यक्रम र बजेट बनाई व्यवस्थापन समितिको बैठकमा बुझाउनु पर्दछ। व्यवस्थापन समितिले गरेका निर्णयहरू तथा दिएका निर्देशनहरूको पालना गर्नु गराउनु पर्दछ। बाल कल्याण गृहले दैनिक गर्नु पर्ने कामहरू संचालन गर्नु गराउनुको साथै त्यस्को निरीक्षण पनि गर्नु पर्दछ। बाल कल्याण गृहले गरेका कामहरूको मूल्यांकन गरी त्यसबाट भएको प्रगतिको विवरण बनाएर व्यवस्थापन समितिको बैठकमा बुझाउनु पर्दछ। बाल कल्याण गृहको आर्थिक कारोबार गर्ने र त्यसको हिसाब किताप ठीक संग राख्ने वा राख्न लगाउनु पर्दछ। व्यवस्थापन समितिले दिएका आदेश वा निर्देशन अनुसारको कामहरू गर्नु पर्दछ।

(ख) बेवारिसे बालबालिकालाई बाल कल्याण गृहमा राखिने सम्बन्धी व्यवस्था

बाल कल्याण अधिकारी वा प्रहरीले बाबु आमा वा नातेदार कोही पनि नभएका बेवारीसे बालबालिका फेला पारेमा त्यस्ता बालबालिकाको सकेसम्म तिनपुस्ते नाम, थर, ठेगाना, फोटो तथा शरीरमा कुनै विशेष चिन्ह रहेछ भने सो कुराको पनि उल्लेख गर्नुको साथै औठाको छाप समेत आफ्नो कार्यालयमा राखी उसलाई नजीकको बाल कल्याण गृहमा बुझाउनु पर्दछ। यसरी बुझाउन ल्याएको बालकलाई बाल कल्याण गृहको प्रमुखले बुझेर लिनु पर्दछ। तर गृहको प्रमुखले बुझी नलिएमा भने अर्को कुनै बाल कल्याण गृहमा राखिदिनु पर्दछ। गृहमा भएका बालक र बालिकाहरूलाई छुट्टा छुट्टै गरी बस्ने व्यवस्था मिलाउनु पर्दछ। यस्ता बेवारिसे बालबालिकाका बाबु, आमा, नातेदार वा संरक्षक पत्ता लगाउन बाल कल्याण अधिकारी, प्रहरी कार्यालय वा बालक बसेको गृहको प्रमुखले आवश्यक पर्ने काम कारवाही गर्नुपर्दछ।

(ग) बाल कल्याण गृहमा राखिने समय सम्बन्धी व्यवस्था

बेवारिसे बालबालिकालाई १६ वर्ष उमेर नपुगुन्जेलसम्म बाल कल्याण गृहमा राख्नु पर्दछ। १६ वर्ष पुरा भएपछि उसलाई त्यहांबाट विदा दिइन्छ। तर गृहबाट विदा भइसकेपछि उसलाई जीवन चलाउन अप्ठ्यारो परेको रहेछ भने उसलाई १८ वर्षसम्म त्यही गृहमा राख्न सकिन्छ। तर अन्धा अपांग वा सुस्त मनस्थिति भएका बालबालिकाहरूलाई भने अर्को बाल कल्याण गृहको व्यवस्था नहुन्जेलसम्म जति वर्षको भएपनि त्यही गृहमा नै राख्नु पर्दछ।

(घ) व्यवसायिक तालीम दिने र काममा लगाउने सम्बन्धी व्यवस्था

बाल कल्याण गृहमा बसेका बेवारीसे बालबालिकाको इच्छा तथा क्षमताको आधारमा विभिन्न सिपमूलक तालीम तथा शिक्षा दीक्षा दिनु पर्दछ। यसरी तालीम पाएका बालबालिकालाई उनीहरूको शिप तथा क्षमता अनुसारको काम दिन दिलाउने काममा सरकारले सहयोग गर्नु पर्दछ।

(ङ) खर्च बुझाउने शर्तमा बालबालिकालाई बाल कल्याण गृहमा राख्न सकिने सम्बन्धी व्यवस्था

कुनै बालबालिका घरबाट भागेर हिंडिरहने बानी भएको कारणबाट उसका बाबु,आमा वा नातेदारले उसलाई बाल कल्याण गृहमा राख्न चाहेमा उसको पालन पोषण गर्दा लाग्ने सम्पूर्ण खर्च बेहोर्नु पर्दछ। बाल कल्याण अधिकारीले यसरी खर्च बेहोर्न मन्जुर गरेको कुराको लिखत गराउनु पर्दछ। यसरी राखिएका बालबालिकाको निश्चित समय सकिएपछि बाल कल्याण गृहको प्रमुखले उसलाई बाबु, आमा वा संरक्षकको जिम्मा लगाईदिनु पर्दछ। यसरी जिम्मा लगाउदा बालकको पालन पोषण गर्दा भएको खर्चको विवरण र पालन पोषण गर्दा लिएको रकम बांकी रहेछ भने सो समेत फिर्ता बुझाई दिनु पर्दछ। बाल कल्याण गृहमा राखिएका बालबालिका त्यहाँबाट भागेमा वा मरेमा उसका बाबु, आमा वा नातेदारलाई तुरून्त खबर दिनु पर्दछ। साथै भागेर हिंडेका बालबालिकालाई पत्ता लगाउन सक्दो प्रयास गर्नु पर्दछ। यसरी भागी फेला नपरेका वा मृत्यु भएका बालबालिकाको कुनै सामान वा अचल सम्पत्ति रहेछ भने त्यो पनि बुझाई दिनु पर्दछ। त्यस्तै बालबालिकाको सम्बन्धमा कुनै खर्च भै सो रकम लिन बांकी रहेछ भने सो रकम उसका बाबु आमा वा नातेदारबाट लिन र असुल गर्न सकिन्छ।

(च) अनुशासनको पालना गराउदा गरिने सजाय सम्बन्धी व्यवस्था

बाल कल्याण गृहमा रहेका बाल बालिकाले त्यहाँको नियम कानून वा अनुशासन नमानेमा तिनीहरूलाई यस्तो सजाय हुन सक्दछ –

१. एक पटकमा ३ दिनसम्म गृहमा पाउने सुविधाहरू नदिने,
२. गृहमा भएको सरसामानहरू जानी जानी तोडफोड गरी नोक्सान पारेमा नोक्सान भएजतिको पुरै वा आधा रकम असुल गर्ने।

तर कुनै बालबालिकाले जस्तोसुकै काम बिगारेमा पनि उसलाई कुट्न पिट्न, सुनसान

ठाउमा थुन्न र खाना पिना बन्द गरिदिनु हुदैन। कुनै बालबालिकाले क्षति पु-याए बापत रकम असुल गर्दा वेवारिसे वालकको कुनै आम्दानी रहेछ वा गृहमा काम गरे वापत पारिश्रमिक पाउने रहेछ भने त्यसैबाट असुल गर्न सक्दछ। नपुगेजतिमा भने माफी दिन सक्दछ।

(छ) बालकलाई जिम्मा लगाई खर्च भराउन सकिने सम्बन्धी व्यवस्था

कुनै बालबालिकालाई उसको बाबु आमा वा अभिभावकले अनाथ, वेवारीसे बालक हो भनि ढाँटी कुनै बाल कल्याण गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रमा राखेको कुरा थाहा हुन आएमा त्यो बालकलाई बाबु आमा अथवा अभिभावलकाई नै वुझाइदिनु पर्दछ। यसरी राखिएको बालकको स्याहार सुसार गर्दा लागेको सम्पूर्ण खर्च समेत असुल उपर गर्नु पर्दछ। तर त्यस्तो खर्च तिर्न नसक्ने बाबु, आमा वा अभिभावक रहेछन् भने बाल कल्याण गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रले सो खर्च नभराउन पनि सक्दछ।

(ज) बाल कल्याण गृह प्रमुखले अभिलेख राख्ने र प्रतिवेदन पेश गर्नु पर्ने सम्बन्धी व्यवस्था

बाल कल्याण गृहमा बस्ने सम्पूर्ण बालबालिकाको व्यक्तिगत विवरण बनाउनुको साथै उस्ले कुनै सजाय पाएको छ भने त्यसको पनि रेकर्ड राख्नु पर्दछ। यसरी विवरण बनाउदा तोकिएको तरीका अनुसार गर्नु पर्दछ। यस्तो विवरण अनुमति पाएका व्यक्ति, संस्था र अदालतले मुद्दा मामिलामा माग गरेदेखि बाहेक अरूलाई देखाउन हुदैन। प्रत्येक वर्षको वैशाख मसान्त सम्ममा वाल कल्याण गृहको प्रमुखले आफ्नो गृहमा वर्षभरी भएका सम्पूर्ण काम कारवाहीको प्रतिवेदन बनाएर बाल कल्याण समिति र बाल कल्याण अधिकारी समक्ष बुझाउनु पर्दछ। तर कसैले यसको विपरित काम गरेमा तिन हजार रूपैया सम्म जरिवाना वा तिन वर्षसम्म कैद वा दुवै सजाय हुन सक्दछ।

४. बाल सुधार गृह

श्री ५ को सरकारले आवश्यकता अनुसार बाल सुधार गृहको स्थापना गर्न सक्दछ। यसरी स्थापना भएको बाल सुधार गृहमा यस्ता बालवालिकाहरूलाई राखिन्छ –

(क) कुनै मुद्दाको लागि थुनामा बस्नु पर्ने,

(ख) कुनै अपराधमा सजाय पाएर जेल बस्नु पर्ने,

(ग) नशालु पदार्थको बानी परेका र घरबाट भागि हिड्ने,

(घ) नराम्रा व्यक्तिको संगतमा परेका र

(ङ.) श्री ५ को सरकारले तोकेका बालबालिकाहरूलाई राखिन्छ।

यस गृहको निर्माण नहुन्जेलसम्म कुनै व्यक्ति वा संस्थाले चलाईरहेको बाल कल्याण गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रलाई बाल सुधार गृहको रूपमा प्रयोग गर्न सकिन्छ। घरबाट भागी हिड्ने बालबालिकालाई यस गृहमा राख्न उसका बाबु आमा वा अभिभावको मन्जुरीले राख्नेको रहेछ भने त्यस्तो बालकको पालन पोषण गर्दा लाग्ने खर्च बुझाउनु पर्दछ।

त्यस्तै यस गृहको प्रमुखको पदको लागि मन्त्रालयले एउटा प्रशासकको नियुक्ती गर्दछ। यसरी नियुक्ती भएको प्रशासकको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू मन्त्रालयको स्वीकृति लिई केन्द्रीय बाल कल्याण समितिले तोकिदिन्छ।

(क) प्रशासकले बाल सुधार गृहको कामहरू गर्नको निम्ति ऐनमा लेखिए बमोजिम बाल कल्याण गृहको प्रमुखको काम, कर्तव्य र अधिकार प्रयोग गर्नु पर्दछ। बाल कल्याण गृहको नीति र योजना बनाउने काममा व्यवस्थापन समितिलाई सहयोग गर्नु पर्दछ। यसरी बनाइएका नीति र योजनाहरू स्वीकृत भएपछि सोही अनुसार यस गृहको बर्षभरिको कार्यक्रम र बजेट बनाई व्यवस्थापन समितिको बैठकमा बुझाउनु पर्दछ। व्यवस्थापन समितिले गरेका निर्णयहरू तथा दिएका निर्देशनहरू लागु गर्नु गराउनु पर्दछ। बाल कल्याण गृहले दैनिक गर्नु पर्ने कामहरू संचालन गर्नु गराउनुको साथै त्यस्को निरीक्षण पनि गर्नु पर्दछ। यस गृहले वर्षभरि गरेका कामहरूको मूल्यांकन गरी त्यसबाट भएको प्रगतिको विवरण बनाएर व्यवस्थापन समितिको बैठकमा बुझाउनु पर्दछ। बाल कल्याण गृहको आर्थिक कारोबार गर्ने र त्यसको हिसाब किताप ठीक संग राख्ने वा राख्न लगाउनु पर्दछ। व्यवस्थापन समितिले दिएका आदेश वा निर्देशन अनुसारको कामहरू गर्नु पर्दछ।

५. सुस्त मनस्थिति केन्द्र

बाबु आमा नभएका अनाथ, अपांग वा सुस्तमनस्थिति भएका बालबालिकाहरूको स्याहार संभार गर्न तथा बस्ने ठाउँको व्यवस्थाको लागि श्री ५ को सरकारले सुस्तमनस्थिति केन्द्रको स्थापना गर्न सक्तछ। यस केन्द्रमा बस्ने बालबालिकाहरूको शिक्षाको व्यवस्था श्री ५ को सरकारले गर्नेछ। अन्य कुनै व्यक्ति वा संस्थाले संचालन गरेको सुस्त मनस्थिति केन्द्रलाई श्री ५ को सरकारले त्यसका संचालकसित सम्झौता गरी त्यस्ता केन्द्रलाई पनि प्रयोग गर्न सक्दछ।

यस केन्द्रको कामहरू संचालन गर्नको लागि प्रमुखको पदमा मन्त्रालयले एउटा प्रशासकको नियुक्ती गर्दछ। यसरी नियुक्ती भएको प्रशासकको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू मन्त्रालयको स्वीकृति लिई केन्द्रीय बाल कल्याण समितिले तोकिदिन्छ।

प्रशासकका काम, कर्तव्य र अधिकार - प्रशासकले यस केन्द्रको कामहरू गर्नलाई ऐनमा लेखिए बमोजिम बाल कल्याण गृहको प्रमुखको काम, कर्तव्य र अधिकार प्रयोग गर्नु पर्दछ। यस केन्द्रको नीति र योजना बनाउने काममा व्यवस्थापन समितिलाई सहयोग गर्नु पर्दछ। यसरी बनाइएका नीति र योजनाहरू स्वीकृत भएपछि सोही अनुसार यस केन्द्रको वर्षभरिको कार्यक्रम र बजेट बनाई व्यवस्थापन समितिको बैठकमा बुझाउनु पर्दछ। व्यवस्थापन समितिले गरेका निर्णयहरू तथा दिएका निर्देशनहरू लागु गर्नु गराउनु पर्दछ। केन्द्रले दैनिक रूपमा गर्नु पर्ने कामहरू संचालन गर्नु गराउनुको साथै त्यस्को निरीक्षण समेत गर्नु पर्दछ। केन्द्रले वर्षभरि गरेका कामहरूको मूल्यांकन गरी त्यसबाट भएको प्रगति विवरण बनाएर व्यवस्थापन समितिको बैठकमा बुझाउनु पर्दछ। केन्द्रको आर्थिक कारोबार गर्ने र त्यसको हिसाब किताप ठीक संग राख्ने वा राख्न लगाउनु पर्दछ। व्यवस्थापन समितिले दिएका अन्य आदेश वा निर्देशन अनुसारको कामहरू गर्नु पर्दछ।

६. अनाथालय

बाबु आमा नभएका अनाथ वा अपाङ्ग भएका बालबालिकाहरूको स्याहार संभार गर्न तथा बस्ने ठाउँको व्यवस्थाको लागि श्री ५ को सरकारले अनाथालयको स्थापना गर्न सक्तछ। यसरी स्थापित अनाथालयमा बस्ने बालबालिकाहरूको शिक्षाको व्यवस्था श्री ५ को सरकारले गर्नेछ। अन्य कुनै व्यक्ति वा संस्थाले संचालन गरेको अनाथालयलाई श्री ५ को सरकारले त्यसका संचालकसित सम्झौता गरी त्यस्ता केन्द्रलाई प्रयोग गर्न सक्दछ।

यस अनाथालयको कामहरू संचालन गर्नको लागि प्रमुखको पदमा मन्त्रालयले एक जना प्रशासक नियुक्ती गर्दछ। प्रशासकको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू मन्त्रालयको स्वीकृति लई केन्द्रीय बाल कल्याण समितिले तोके अनुसार हुन्छ।

(क) प्रशासकको काम, कर्तव्य र अधिकार

यस अनाथालयको कामहरू गर्नलाई ऐनमा लेखिए बमोजिम बाल कल्याण गृहको प्रमुखको काम, कर्तव्य र अधिकार प्रयोग गर्नु पर्दछ। नीति र योजना बनाउने काममा

व्यवस्थापन समितिलाई सहयोग गर्नु पर्दछ। यसरी बनाइएका नीति र योजनाहरू स्वीकृत भएपछि सोही अनुसार यस अनाथालयको वर्षभरिको कार्यक्रम र बजेट बनाई व्यवस्थापन समितिको बैठकमा पेश गर्नु पर्दछ। व्यवस्थापन समितिले गरेका निर्णयहरू तथा दिएका निर्देशनहरू लागु गर्नु गराउनु पर्दछ। यसले दैनिक गर्नु पर्ने कामहरू संचालन गर्नु गराउनुको साथै निरीक्षण समेत गर्नु पर्दछ। अनाथालयले वर्षभरि गरेका कामहरूको मूल्यांकन गरी त्यसबाट भएको प्रगतिको विवरण बनाएर व्यवस्थापन समितिको बैठकमा बुझाउनु पर्दछ। अनाथालयको आर्थिक कारोबार गर्ने र त्यसको हिसाब किताप ठीक संग राख्ने वा राख्न लगाउनु पर्दछ। व्यवस्थापन समितिले दिएका अन्य आदेश वा निर्देश अनुसारको कामहरू गर्नु पर्दछ।

७. व्यवस्थापन समितिको गठन सम्बन्धी व्यवस्था

कानून अनुसार निर्माण भएका बाल कल्याण गृह, सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रलाई चलाउनको निम्ति मन्त्रालयले संभव भएसम्म त्यही जिल्लाका सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, डाक्टरहरू, बाल मनोवैज्ञानिक तथा शिक्षकहरू रहने गरि बढीमा ७ जना सदस्य भएको एउटा व्यवस्थापन समितिको निर्माण गर्नु पर्छ। यसरी गठन भएको व्यवस्थापन समितिको अध्यक्ष, सदस्य तथा सचिवको नाम तथा उनीहरूको काम गर्ने समय मन्त्रालयले गठन गर्दाकै अवस्थामा तोकिदिए अनुसार हुन्छ।

(क) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम निर्धारण गरिएको छ -

बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रको व्यवस्थापन समितिले आफ्नो समिति वा केन्द्रले गर्ने कार्यक्रमको नीति र योजना बनाएर त्यसलाई स्वीकृत गराउन जिल्ला बाल कल्याण समिति मार्फत केन्द्रीय बाल कल्याण समितिमा पठाउनु पर्दछ। यसरी पठाइएको नीति र योजनाहरू स्वीकृत भएपछि सोही बमोजिम बार्षिक कार्यक्रम र बजेट बनाएर त्यसलाई पनि स्वीकृत गराउनु पर्दछ। बार्षिक कार्यक्रम चलाउनको लागि जिल्लामै भएका श्रोतहरूको खोजि गर्ने र भेटिएका श्रोतहरू राम्रोसंग प्रयोग गर्नु पर्दछ। बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति

केन्द्रमा वसेका बालवालिकाहरूलाई दिइने शिक्षा, तालीम र वस्ने, सुत्ने, खाने, लगाउनेका साथै अरू सुविधाहरूको राम्रो वन्दोवस्त गर्नु गराउनु पर्दछ। वालवालिकाको इच्छा तथा क्षमता अनुसारको विभिन्न सिपमूलक तालीमहरू दिने र पढ्न लेख्न पाउने कुराको वन्दोबस्त गर्नु गराउनु पर्दछ। वालवालिकाको शारीरिक विकास गर्नको लागि खेलकूद, मनोरन्जन तथा. सांस्कृतिक कार्यक्रमको साथै अरू किसिमका कार्यक्रमको व्यवस्था मिलाउनु पर्दछ। वाल कल्याण गृह, वाल सुधार गृह, सुस्तमनस्थिति केन्द्र र अनाथालयले गरेका कामको प्रगतिको लेखा जोखा गर्नु गराउनु पर्दछ। र तिनीहरूलाई चलाउनको लागि मन्त्रालय, केन्द्रीय वाल कल्याण समिति, जिल्ला वाल कल्याण समिति वा वाल कल्याण समितिले दिएका सुझाव र निर्देशनहरूलाई लागु गर्नु गराउनु पर्दछ।

(ख). बैठक सम्बन्धी कार्यविधि :

व्यवस्थापन समितिको वैठक सम्वन्धी काम कारवाहीहरू व्यवस्थापन समिति आफैले निर्धारण गरे अनुसार हुन्छ।

८. बालबालिकाका अन्य कल्याणकारी व्यवस्थाहरु निम्न बमोजिम व्यवस्था गरिएका छन :

(क) शिक्षा, तालीम, सुविधा सम्बन्धी व्यवस्था

वाल कल्याण गृह, वाल सुधार गृह, अनाथालय, सुस्तमनस्थिति केन्द्रले त्यहाँ वस्ने वालबालिकालाई दिइने किताबी शिक्षा देखि बाहेक उनीहरूले व्यवसाय गर्न सक्ने खालका शिक्षा तथा सिपमूलक तालीमहरू दिन र उनीहरूको शारीरिक विकास हुने खालका खेलहरू, मनोरन्जन तथा सांस्कृतिक कार्यक्रमका साथै अरू यस्तै खाले कार्यक्रममा भाग लिन लगाउन सक्छ। बाल कल्याण गृह, वाल सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रमा वसेका वालवालिकाहरूको समय समयमा स्वास्थ्य जचाँउनुको साथै आवश्यक परेमा औषधी उपचार समेत गर्नु पर्दछ। वाल कल्याण गृह, वाल सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रमा बसेका बालकालिकाहरूलाई जिल्ला बाल कल्याण समितिको सिफारिसमा केन्द्रीय वाल कल्याण समितिले निर्धारण गरे अनुसार खाने लाउने र बस्ने सुविधाहरू दिन सक्दछ।

(ख) बालबालिकाले पालन गर्नु पर्ने कुरा सम्बन्धी व्यवस्था

बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्तमनस्थिति केन्द्रमा बस्ने

बालबालिकाले पालन गर्नु पर्ने कुराहरू निम्न बमोजिम निर्धारण गरिएका छन–

बालबालिकाहरूले बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रलाई आफ्नो भविष्य बनाउने ठाउँको रूपमा मान्नु पर्दछ। आफूलाई दिइएको नियमित शिक्षा तथा तालीमहरू राम्ररी सिक्नु पर्दछ। खेलकूद, मनोरन्जन तथा सांस्कृतिक कार्यक्रम लगायत अरू यस्तै किसिमका कार्यक्रमहरूमा भाग लिनु पर्दछ। बालबालिका तथा त्यहाँ कामगर्ने सबै कर्मचारीहरूलाई आफ्नो परिवारको सदस्य सरह मान्नु पर्दछ। साथै सबै संग मिलनसारको व्यवहार गर्नु र एक अर्कालाई सहयोग गर्नु पर्दछ। बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रमा हो हल्ला, हुल हुज्जत तथा अनुशासन विपरित हुने कुनै किसिमको काम कारवाही आफू पनि गर्न हुदैन र अरूलाई पनि गर्न उक्साउनु हुदैन। आफूलाई सधै दिने गरेको दूध, चिया, खाजा, भोजन आदि देखि बाहेक अरू कुनै पनि चिज बस्तुहरू बाहिरबाट ल्याएर खान हुदैन। चुरोट, विडी, खैनी, जाँड, रक्सी तथा लागु पदार्थको सेवन गर्नु हुदैन। बाल कल्याण गृह प्रमुख अथवा प्रशासकको अनुमति नलिई आफू बसेको ठाउँबाट बाहिर जान हुदैन। साधारण रूपले बाच्ने र उच्च विचार राख्ने किसिमको मानसिकता बनाउने र बाल कल्याण गृह प्रमुख वा प्रशासकले दिएका अन्य आदेश निर्देशन अनुसार कामहरू गर्नु पर्दछ।

(ग) काममा प्राथमिकता दिनु पर्ने सम्बन्धी व्यवस्था

श्री ५ को सरकार र श्री ५ को सरकारको पुरै वा आधा स्वामित्वमा रहेको संस्थाहरूले बाल सुधार गृह, बाल कल्याण गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रमा बसेका बालबालिकाहरूले पाएको शिक्षा, तालीम र उस्ले गर्न सक्ने क्षमताको आधारमा तिनीहरूलाई काम दिलाउनु पर्दछ।

(घ) बालबालिकाको व्यक्तिगत विवरण राख्नु पर्ने सम्बन्धी व्यवस्था

बाल कल्याण गृह प्रमुखले र प्रशासकले बाल सुधार गृह, अनाथालय तथा सुस्तमनस्थिति केन्द्रमा बस्ने बालकहरूको व्यक्तिगत विवरण अनुसुची १ अनुसारको ढाँचामा बनाएर राख्नु पर्दछ।

(ङ.) बार्षिक प्रतिवेदन बनाउनु पर्ने सम्बन्धी व्यवस्था

बाल कल्याण गृह प्रमुखले बाल कल्याण गृहको र प्रशासकले बाल सुधार गृह,

अनाथालय, सुस्तमनस्थिति केन्द्रले वर्षभरि गरेको काम कुराहरू अनुसुची २ अनुसारको ढाँचामा लेखी प्रत्येक वर्ष वैशाख मसान्त भित्रमा वाल कल्याण समिति र वाल कल्याण अधिकारी समक्ष प्रतिवेदन पठाउनु पर्दछ।

(च) बाल कल्याण सम्बन्धी लागु हुने सम्बन्धी व्यवस्था

माथि लेखिएका वाल कल्याण सम्वन्धी व्यवस्थाहरू कुनै व्यक्ति वा संस्थाले चलाई आएका वाल कल्याण गृह, वाल सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्र आदिमा पनि लागु हुन्छ।

परिच्छेद- ५

बालबालिकालाई काममा लगाउने सम्बन्धी व्यवस्था

बालबालिकालाई काममा लगाउदा निम्न बमोजिमको व्यवस्था गरिएको छ -

१. बालकलाई श्रमिकको रुपमा काममा लगाउदा विवरण पेश गर्नु पर्ने

बालबालिकालाई मजदुरीको रूपमा काममा लगाउने व्यक्ति वा संस्थाले वालवालिकाको फोटो सहित तोकिएको ढाँचामा विवरण बनाई वाल कल्याण समितिमा पठाउनु पर्दछ। यसरी पेश भएको विवरण बाल कल्याण समितिले ठीक भए नभएको जाँचबुझ गरी आवश्यक परेमा अन्य विवरण समेत पेश गर्न लगाउन सक्नेछ। यसरी पेश भएको विवरण कानून विपरित देखिएमा सुधारको लागि आवश्यक निर्देशन दिन सक्नेछ। यसरी मागिएको विवरण पेश गर्नु र दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुन्छ। कसैले यसको विपरित काम गरेमा निजलाई तिन हजार रूपैया सम्म जरिवाना वा तिन महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ।

२. काममा लगाउने समय र विश्राम सम्बन्धी व्यवस्था

बालवालिकालाई मजदुरीको रूपमा काममा लगाउदा दिनमा ६ घण्टा र हप्तामा ३६ घण्टा भन्दा वेसी काममा लगाउन पाइदैन। यसरी काममा लगाउदा लगातार ३ घण्टा पछि आधा घण्टा आराम गर्ने समय र हप्तामा १ दिनको विदा दिनु पर्दछ। यसरी दिइएको विदाको समय पनि काम गरेको समय नै मानिन्छ। तर कसैले यसको विपरित काम गरेमा निजलाई तिन हजार रूपैया सम्म जरिवाना वा तिन महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ।

३. अनुमति लिनु पर्ने

कुनै संगठित संस्था वा प्रतिष्ठानले चौध वर्ष वा सो भन्दा माथि उमेर भएका बालबालिकालाई मजदुरीको रूपमा काममा लगाउदा वा अरू कसैले व्यापारिक उद्देश्यले कुनै मनोरन्जन वा सांस्कृतिक कार्यक्रममा लगाउदा बाल कल्याण अधिकारीको साथै त्यस बालकको संरक्षक वा बाबु, आमाको मंजुरी लिनु पर्दछ। तर कुनै शिक्षण संस्था, बाल कल्याण गृह, बाल सुधार गृह वा अनाथालयका बाल बालिकालाई त्यही संस्थाको हितको लागि उनीहरूद्वारा गराइने सांस्कृतिक कार्यक्रममा लगाउदा स्वीकृति लिनु पर्दैन। बाल कल्याण अधिकारी नभएको ठाउँमा स्वीकृति लिनुपर्दा श्रम कार्यालय वा प्रमुख जिल्ला अधिकारीको स्वीकृति लिनु पर्दछ। कसैले यसको विपरित काम गरेमा निजलाई तिन हजार रुपैया सम्म जरिवाना वा तिन महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ।

परिच्छेद - ६

बाल अधिकारको प्रचलन

बालबालिका सम्बन्धी मुद्दा मामिला र उनीहरूलाई दण्ड सजाय गर्दा निम्न बमोजिमको व्यवस्था गरिएको छ -

१. बालक सम्बन्धी मुद्दामा खास व्यक्ति मात्र उपस्थित हुन पाउने

बालबालिका सम्बन्धी कुनै मुद्दाको कारवाही चल्दा उसका बाबु,आमा, संरक्षक, कानून व्यवसायी, नातेदार र मुद्दा हेर्ने अधिकारीले अनुमति दिएको व्यक्ति मात्र इजलासमा उपस्थित हुन सक्दछ। यस्ता मुद्दाहरू मुद्दा हेर्ने अधिकारीको अनुमति विना सार्वजनिक गर्न वा प्रकाशन गर्न पाइदैन। यदि कसैले यसको विपरित काम गरेमा तिन हजार रूपैया सम्म जरिवाना वा तिन वर्षसम्म कैद वा दुवै सजाय हुन सक्दछ।

२. मुद्दाको तहकिकात वा सजायको स्थगन

कुनै बालबालिकालाई अपराध गरेको दोष लागी आवश्यक जाँचबुझ गर्नको लागि थुनामा राख्नु पर्ने भएमा मुद्दा हेर्ने अधिकारीलाई त्यो बालकलाई थुनामा राख्न उचित नलागेमा चाहिएको बेला उपस्थित गराउने गरी उसको बाबु,आमा वा अभिभावकलाई जिम्मा

दिने वा बालबालिकाको हक हितका सम्बन्धमा कामगर्ने सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको जाँचबुझ गर्ने आदेश दिन सक्दछ। यसरी दोष लागेका बालबालिकाको दोष प्रमाणित भएर थुनामा बस्ने सजाय पाएको रहेछ भने उसको शरीर, उमेर, अपराध गर्दाको अवस्था आदिको विचार गर्दा थुनामा राख्न उचित नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यस्तो बालबालिकाले सजाय पाए पनि उसलाई कुनै बाल सुधार गृह वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा जिम्मा लगाई दिनु पर्दछ। त्यस्तै एक पटक सजाय पाइसकेपछि सोही वर्षभित्रै अर्को अपराध गरेर सजाय पाएमा त्यो समेत थपी एकै पल्ट दुबै कैदको सजाय गर्न आदेश दिन सक्दछ।

३. बालकको तर्फबाट मुद्दा गर्न पाउने

कुनैपनि बालबालिका उपरको मुद्दामा उसका बाबु, आमा, संरक्षण वा नजिकको हकवालाले उसको तर्फबाट मुद्दा गर्न र उसको तर्फबाट प्रतिवाद गर्न पाउदछन्। बालबालिका सम्बन्धी मुद्दा जुनसुकै व्यक्ति वा श्री ५ को सरकाको नालिस उजुरीबाट पनि चल्न सक्दछ।

४. बालक सम्बन्धी तथ्यांक र त्यसको प्रयोगमा बन्देज

प्रहरी कार्यालयले कुनै बालबालिकालाई कुनै अपराधमा पक्रेको रहेछ भने उसको नाम, ठेगाना, उमेर, लिंग, पारिवारिक अवस्था, आर्थिक स्थिति, उसले गरेको अपराधको साथै त्यस सम्बन्धमा कुनै काम कारवाई गरिएको रहेछ भने त्यसको समेत विवरण बनाई गोप्य रूपले तथ्यांक राख्नु पर्दछ। यस्तो तथ्यांक प्रत्येक ६।६ महिनामा प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्दछ। यस्तो तथ्यांक कुनै अध्ययन वा शोध कार्यको निम्ति प्रकाशित गर्नु परेमा बालकको नाम, थर र ठेगाना नलेखी उमेर र लिंगको आधारमा मात्र प्रकाशित गर्न सकिन्छ। यदि कसैले यसको विपरित काम गरेमा तिन हजार रूपैया सम्म जरिवाना वा तिन वर्षसम्म कैद वा दुवै सजाय हुन सक्दछ।

५. हदम्याद

यसमा लेखिएका कुराहरूको विपरित काम कारवाही भए गरेको मितिले एक वर्षभित्र मुद्दा गर्नु पर्दछ। तर नराम्रो उद्देश्यले बालबालिकाको सम्पत्ति बेचेमा वा उनीहरूलाई अनैतिक काममा लगाएमा सो काम भए गरेको मितिले तिन वर्षभित्र मुद्दा गर्नु पर्दछ।

६. मुद्दा हेर्ने अधिकारी र मुद्दाको सम्बन्धमा अपनाइने कार्यविधि

श्री ५ को सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर आवश्यकता अनुसार बाल अदालतको गठन गरी त्यसको इलाका र सदर मुकाम तोकिदिन सक्दछ। बालबालिकाको हकको प्रचलन गराउने मुद्दा बाहेक बालबालिका वादी अथवा प्रतिवादी भएको मुद्दाको शुरू कारवाही र किनारा गर्ने अधिकार बाल अदालतलाई हुनेछ। तर बालबालिकासंग संगै उमेर पुगेका व्यक्तिहरू पनि संलग्न रहेछन् भने यस्तो मुद्दाको सम्बन्धमा भने बाल अदालतले कारवाही र किनारा गर्दैन। बाल अदालतको गठन नभएसम्म बालबालिका सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुन्छ। बाल अदालत गठन भएपछि यस्ता मुद्दाहरू जिल्ला अदालतबाट बाल अदालतमा सारिनेछ। बाल अदालत वा जिल्ला अदालतले बालबालिका सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्दा कार्यविधि तोकिएकोमा सोही अनुसार र नतोकिएसम्म संक्षिप्त कार्यविधि ऐन, २०२८ अनुसार गर्नु पर्दछ।

७. पुनरावेदन गर्न पाउने

बाल अदालत वा जिल्ला अदालतले गरेको फैसलामा चित्त नबुझ्ने व्यक्तिले फैसला भएको मितिले ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्दछ।

८. मुद्दाको कारवाहीमा प्राथमिकता दिनु पर्ने

बालबालिका सम्बन्धी मुद्दालाई पहिलो प्राथमिकता दिएर मुद्दा छिनिदिनु पर्दछ।

९. अनुसूचीमा हेरफेर वा थपघट गर्ने अधिकार

बालबालिका सम्बन्धी नियमावली, २०५१ मा व्यवस्था भएको अनुसूचीमा आवश्यक परेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना निकालेर हेरफेर वा थपघट गर्न सक्दछ।

१. बालबालिकाको सम्बन्धमा बनेको ऐनलाई बालबालिका सम्बन्धी ऐन, २०४८ भनिन्छ। यो ऐन २०५० साल बैशाख १ गतेदेखि लागू भएको हो।

नियमावलीमा भएका व्यवस्थाहरु

परिच्छेद- १

(क) **ऐन** भनेको बालबालिका सम्बन्धी ऐन, २०४८ लाई बुझिन्छ।

(ख) **व्यवस्थापन** समिति भनेको कानून अनुसार गठन भएको व्यवस्थापन समितिलाई बुझिन्छ।

(ग) **प्रशासक** भनेको बाल सुधार गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रको मुख्य भै काम गर्ने व्यक्तिलाई बुझिन्छ।

(घ) **मन्त्रालय** भनेको श्री ५ को सरकार, शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालय हो।

२. **यो ऐनमा प्रयोग केही भएका शब्दहरुको अर्थ यस प्रकार छ**

(क) **बालक** भन्नाले १६ वर्ष उमेर पुरा नभएका बालबालिकालाई भनिन्छ।

(ख) **संरक्षक** भनेको बालबालिकाका रेखदेख गर्नको लागि कानूनी प्रकृया पुरा गरेर नियुक्त भएका व्यक्तिलाई बुझाउदछ।

(ग) **बाल कल्याण समिति** भन्नाले बालबालिकाको रेखदेख गर्न तथा उनीहरूको कल्याण गर्नको लागि कानून अनुसार स्थापना भएको केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समिति पनि बुझ्नु पर्दछ।

(घ) **बाल कल्याण अधिकारी** भनेको कानून बमोजिम श्री ५ को सरकारले नियुक्त गरेको बाल कल्याण अधिकारी र उसको काम गर्न तोकिएको अर्को कुनै व्यक्ति वा कर्मचारीलाई पनि बुझाउदछ।

(ङ.) **बेवारिसे बालक भनेको -**

(I) बाबु, आमा वा परिवारको कुनै पनि सदस्य नभएर हेरचाह हुन नसकेका बालबालिका

(II) बाबु, आमा वा परिवारको सदस्यहरू भएपनि तिनीहरूले घरबाट निकालिदिएका बालबालिका

(III) बाच्नको लागि कुनै श्रोत नभएका बालबालिका

(च) **बाल कल्याण गृह** भनेको वेवारिसे बालबालिकाको स्याहार संभार गर्नको लागि श्री ५ को सरकारले कानून बमोजिम निर्माण गरेको बाल कल्याण गृह हो।

(छ) **बाल कल्याण गृह प्रमुख** भनेको बाल कल्याण गृहको मुख्य भै काम गर्ने व्यक्तिलाई जनाउनुको साथै उपस्थित नभएमा उसको सट्टा काम गर्ने अर्को कुनै व्यक्तिलाई पनि बुझिन्छ।

(ज) **बाल सुधार गृह** भनेको श्री ५ को सरकारले कानून बमोजिम निर्माण गरेको तथा यही उद्देश्यको लागि काम गर्ने अरू व्यक्तिगत बाल सुधार गृहलाई पनि जनाउदछ।

(झ) **तोकिएको तथा तोकिए बमोजिमको** भन्नाले बालबालिका सम्बन्धी ऐन अनुसार बनेको नियममा व्यवस्था गरे अनुसारको बुझ्नु पर्दछ।

■ ■

इन्सेक पुस्तक नं. ४८/१९९७